# विद्यालय व्यवस्थापन समितिमा महिला सदस्यको सहभागिता

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो बर्षको Ed.598 विषयको आंशिक आवश्यकता परिपूर्तिका लागि प्रस्तुत

शोध-पत्र


शोधार्थी

धर्मकुमारी कालाखेती

परीक्षा क्रमाङ्क : २१४००८६(२०६६)

क्याम्पस रोल नं : २४० (२०६४/६५)

त्रि.वि. दर्ता न.७-१-२०२-६०३-९८



सुकुना वहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

इन्द्रपुर, मोरङ

माघ,२०६८

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह द्वितीय बर्षको अनिवार्य पत्रको रुपमा आंशिक आवश्यकता पुरा गर्नका लागि तयार पारिएको प्रस्तुत शोधपत्र मोरङ जिल्लाको इन्द्रपुर स्रोतकेन्द्रका विद्यालयहरुमा "व्यवस्थापन समितिमा महिला सदस्यको सहभागिता" शीर्षकमा अध्ययन गरिएको छ । यस शीर्षकमा शोध गर्ने अवसर प्रदान गरेकोमा शैक्षिक योजना तथा व्यावस्थापन विभाग, सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर, मोरङ प्रति आभार प्रकट गर्दछु ।

यो शोध पत्र तयार गर्ने क्रममा अभिमूखिकरण कार्य देखि अन्त्यसम्म निरन्तर रुपमा आवस्यक सरसल्लाह , सूझाव तथा कुशल मार्गनिर्देशन गरी अमूल्य सहयोग प्रदान गर्नुहुने श्रदेय विभागीय प्रमुख तथा शोध निर्देशक श्री लक्ष्मीकुमार श्रेष्ठ प्रति कृतज्ञता ज्ञापन गर्दछु । आवस्यक परको समयमा सरसल्लाह दिनुहुने गुरु द्वय श्री खगेन्द्रप्रसाद लुइटेल र श्री भोजराज घिमिरे प्रति पनि म आभारी छु । सुचना तथा तथ्याङ्क संकलनका क्रममा आफ्नो अतुलनिय समय, जानकारी र सुचना प्रदान गर्नुहुने प्र.अ., वि. व्य.स. अध्यक्ष, महिला सदस्य र स्रोत शिक्षकज्यूहरूलाई हि्दय देखिनै धन्यवाद दिन चाहान्छु र मेरा हरेक कार्यप्रति सदैब श्रद्धा र प्रेमभावका साथ सहयोग र प्रोत्साहन गर्नुहुने प्रेरणकादायी श्रीमान् श्री नरप्रसाद भण्डारी प्रति सहर्ष हार्दिक आभार प्रकट गर्दछु र श्रदय गुरु गणेश दाहल र गेहेन्द खनाल प्रति पनि हार्दिक आभार प्रकट गर्दछु । साथै शोधकार्यका लागि आवस्यक सामग्री उपलब्ध गराई सहयोग गर्नुहुने लाइब्रेरियन श्री देवराज गिरी र लाइब्रेरी सहयोगी श्री प्रेमलाल खवासलाई पनि धन्यवाद दिन चाहान्छु ।



धर्मकुमारी कालाखेती

शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना तथा व्यवस्थापन

विभाग सुकुना वहुमुखी क्याम्पस

इन्द्रपुर मोरङ

# शोधसार

प्रस्तुत शोधपत्र “विद्यालय व्यवस्थापन समितिमा महिला सदस्यको सहभागिता” शीर्षकमा आधारित अध्ययन हो । यस शोध-पत्रको मूल उद्देश्यका रूपमा विद्यालय व्यवस्थापन समितिमा महिला सदस्यको सक्रिय सहभागिताको स्थिति विश्लेषण गर्नु हो ।

यो शोधपत्र सर्वेक्षणमा आधारित विश्लेषणात्मक विधिको प्रयोग गरी गुणात्मक र परिमाणात्मक ढाँचामा तयार गरिएको हो । यो शोधकार्य पूरा गर्न विद्यालयका प्रधानाध्यापक, वि.व्य.स.का अध्यक्ष र वि.व्य.स.मा प्रतिनिधित्व गर्ने महिलाहरूलाई उद्देश्यमूलक नमुना छनोट विधिमार्फत छनौट गरिएको छ । यो अध्ययनमा प्रश्नावली, अर्न्तवार्ता प्रश्नावली र सर्वे फारमलाई अनुसन्धान साधनको रूपमा प्रयोग गरिएको छ ।

यस अध्ययनअनुसार विद्यालय व्यवस्थापन समितिमा महिला सदस्यको भूमिका निर्णय प्रक्रियामा निष्क्रिय रहेको , महिला सदस्यले महिला विशेषका एजेण्डा प्रस्तुत गर्न नसकेको ,सूचना अभाव, तथा शैक्षिक योग्यता र रुची कमी भएको ,विद्यालयहरूमा महिला प्रतिनिधित्वको अवस्था केवल नियमावलीले अनिवार्य गरी निर्धारण गरेको न्यूनतम तहमा रहेको ,अध्यक्षमा महिला प्रत्यासी समेत नवनेको र प्रत्यासि हुन पाइने कुरा समेत महिला सदस्यलाई जानकारी नभएको , अध्यक्षको स्थानमा कुनैपनि महिला नरहेको , सदस्यको पदमा रहेका महिलालाई समेत वाध्यात्मक रूपमा राखिने गरेको वा सहमतिको प्रक्रिया अरुहरूले मिलाइदिने गरेको, साथै महिला सदस्य आफ्नो प्रतिनिधित्व प्रति नै स्पष्ट रुपमा जानकार नभएको पाइएको छ ।

अतः समग्रमा महिला विद्यालय व्यवस्थापन समितिमा अपेक्षाकृत सक्रिय हुन नसकि रहेको, विद्यालयको व्यवस्थापन समिति गठनमा पुरुष प्रभाव देखिएको, राजनीतिक प्रतिस्पर्धा वा सहमति पनि पुरुष सदस्यहरूवाट हुने अवस्था रहेको ,महिला सूचना र चेतनाको अभाव एव महिला चेतना अभिवृद्धिका कार्यक्रमा महिला पछाडी परेको निष्कर्ष निकाल्न सकिन्छ ।

वि.व्य.स.मा महिला प्रतिनिधित्वको सङ्ख्या नियमावलीमा न्यूनतम एक निर्धारण भएको र हाल विद्यालयहरूले महिलाको त्यो न्युनतम उपस्थिति मात्र देखिन गएकाले यो सङख्यालाई सरकारले नियमावलीमा नै संशोधन गरी सुनिस्चित गर्नु पर्ने , वि.व्य.स.मा प्रतिनिधित्व गर्ने महिलाकालागि पनि शैक्षिक योग्यता र न्यूनतम पनि सामाजिक काममा अनुभव र रुचि भएका महिलाहरू उपस्थिति गर्नुपर्ने, वि.व्य.स.ले विद्यालयमा

आन्तरिक रुपमा निर्माण गरिने समिति तथा उपसमितिमा महिलालाई मुलभूत जिम्मेवारीमा समेत राख्नुपर्ने , विद्यालयमा विद्यार्थी भर्ना गर्दा महिलाको अभिभावकत्व गराउनु पर्ने,  हरेक सामाजिक काममा गाउ विकास समितिका कार्यक्रम तथा राजनीतिक कार्यहरूमा महिलालाई प्रोत्साहन गर्दै लैजानुपर्ने , स्थानीय रुपमानै  शैक्षिक जागरणका माध्यमवाट पुरातन सोच हटाई महिलालाई सामाजिक र राजनितिक रुपमा नै घर वाहिरका दायित्वहरूप्रति महिला र पुरुषको सचेतनाका कार्यहरूमार्फत सुधार गर्नु पर्ने, वि.व्य.स.मा महिलाको स्वेच्छिक र स्वस्फूर्त उम्मेद्धारीको प्रवन्ध गर्नु पर्ने सुझावहरू प्रस्तुत गरिएको छ ।

# विषयसूची


| | |
|---|---|
| पेज | |
| सिफारिस पत्र | i |
| स्वीकृति पत्र | ii |
| कृतज्ञताज्ञापन | iii |
| शोधसार | iv |
| विषय सूची | vi |
| तालिका सूची | viii |
| संक्षिप्त शब्दावली | ix |
| **परिच्छेद एक : परिचय** | |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | १० |
| १.३ अध्ययनको औचित्य | १० |
| १.४ अध्ययनका उद्देश्यहरू | ११ |
| १.५ अनुसन्धानात्मक प्रश्न | १२ |
| १.६ अध्ययनको परिसीमा | १२ |
| **परिच्छेद दुई :सम्बन्धित साहित्यको पुनरावलोकन र अध्ययनको सैद्धान्तिक खाका** | |
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | १३ |
| २.२ अध्ययनको सैद्धान्तिक खाका | १८ |
| २.३ पुनरावलोकनको उपादेयता | २१ |
| **परिच्छेद तीन : अध्ययन विधि** | |
| ३.१ अनुसन्धान ढाँचा | २४ |
| ३.२ जनसङ्ख्या | २४ |
| ३.३ नमुनाको आकार र नमूना छनौट  विधि | २४ |
| ३.४ नमुना छनौटको आधार | २५ |
| ३.५ अनुसन्धानात्मक साधन | २५ |

३.६ तथ्याङ्कको स्रोत २५
३.७ तथ्याङ्कक सङ्कलन प्रक्रिया २५
३.८ तथ्याङ्क विश्लेषण प्रक्रिया २६


## परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या

४.१ विद्यालय व्यवस्थापन समितिमा महिलाको प्रतिनिधित्व २७
४.१.१ वर्तमान वि.व्य.स. मा महिलाको प्रतिनिधित्व प्रतिको धारणा ३०
४.२ व्यवस्थापन समितिमा महिला सदस्यको निर्णय प्रक्रियामा भूमिका ३०
४.२.१ वैठकमा महिला सदस्यको उपस्थिति ३३
४.२.२ व्यवस्थापन समितिमा महिला सदसयलाई दिइएको भूमिका ३४
४.३ महिला सदस्यहरूको सक्रियतामा प्रभाव पार्ने तत्वहरू ३५
४.३.१ महिला सदस्यको व्यक्तिगत अवस्था ३७
४.४ महिला सदस्यलाई सक्रिय वनाउने उपायहरू ३८


## परिच्छेद पाँचः प्राप्ति, निष्कर्ष र सुझाव

५.१ प्राप्ति ४१
५.२ निष्कर्ष ४३
५.३ सुझावहरू ४४
५.३.१ नीतिगत र अभ्यास तह ४४
५.३.२ अनुसन्धान तह ४६
सन्दर्भ सामग्री
अनुसूची

# तालिकासूची


| शीर्षक | पेज नं. |
|---|---|
| तालिका एक : महिला प्रतिनिधित्वको वर्तमान अवस्था | २८ |
| तालिका दुई : महिला सदस्यको प्रतिक्रिया | २९ |
| तालिका तीनः महिला सदस्यले निणर्य प्रक्रियामा खेलेको भूमिकाको विवरण | ३१ |
| तालिका चार : बैठकको विवरण | ३४ |
| तालिका पाँच : महिला,प्र.अ.,वि.व्य.स.अध्यक्ष, स्रोत शिक्षकको प्रतिक्रिया | ३६ |
| तालिका छ : महिला सदस्यको व्यक्तिगत विवरण | ३७ |

# सङ्क्षिप्त शब्दावलीहरू

वि. व्य.स.: विद्यालय व्यवस्थापन समिति

प्र.अ. : प्रधानाध्यापक

मा.वि.: माध्यमिक विद्यालय

सि.अ.क.: शिक्षक अभिभावक संघ

पा.वि.के. : पाठ्यक्रम विकास केन्द्र

# अनुसूची

अनुसूची १:	प्रधानाध्यापक/वि.व्य. अध्यक्षका लागि खुल्ला प्रश्नावली
अनुसूची २:	महिला सदस्यकालागि अन्तरवार्ता प्रश्नवली
अनुसूची ३:	सर्भे फारम
अनुसूची ४:	स्रोत शिक्षकका लागि प्रश्नावली
अनुसूची ५:	नमुनाको आकार

# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

सामाजिक प्राणीको रूपमा समाजमा बस्दा मानिस विभिन्न समूह, संघ, संस्था तथा संगठनमा आवद्ध हुन्छ । मानिसका लागि यो आवद्धता अनिवार्य रहेको हुन्छ । यसरी समाजमा रहँदा र आफ्नो आवद्धता जनाउने क्रममा आफू आवद्ध रहेको संघ-संस्थाका उद्देश्यहरू हाँसिल गर्न मानवीय, भौतिक, आर्थिक पक्षहरूको प्रबन्ध गर्न, तौर तरिकाको छनोट गर्न पहल गर्नु पर्छ ।यसप्रकारका उद्देश्यहरू प्राप्तिका लागि गरिने प्रबन्ध लाई समान्य रूपमा व्यवस्थापन भनिन्छ ।

नेपाली भाषामा प्रयोग हुने शव्द “व्यवस्थापन” पनि अर्थपूर्ण छ । “व्यवस्थापन” कुशलतापूर्वक गरिने एक कार्य हो जसमा आवश्यक साधन र स्रोतको कलात्मक वा आकर्षक रूपमा परिचालन गर्ने गरिन्छ । अझ प्रष्ट रुपमा भन्नु पर्दा संघ-संगठनको निर्धारित लक्ष्य र “उद्देश्यहरू हासिल गर्नका लागि आवश्यक पर्ने स्रोत साधन जुटाई व्यवस्थित ढंगले सञ्चालन तथा समन्वय गर्ने प्रक्रिया व्यवस्थापन हो ।” (कोइराला र श्रेष्ठ, २०६२,पृ.२७) । यो सामाजिक प्रक्रिया हो र यस प्रक्रियावाट गरिने कार्यको उपलव्धि पनि प्रभावकारी हुन्छ ।

व्यवस्थापन समान्य देखि जटिल कार्यका लागि समेत गरिन्छ । विशिष्ट रूपमा भन्दा यो  खास सिद्धान्तमा आधारित ज्ञानको व्यवस्थित भण्डार हो (कोइराला र श्रेष्ठ, २०६२) । तसर्थ सैद्धान्तिक ज्ञानको आधारमा सीमित स्रोत र साधनको परिचालनबाट निर्धारित उद्देश्य अनुरूप अधिकतम उपलब्धि हासिल गर्नु एक सफल व्यवस्थापनको पहिचान दिनु हो भन्न सकिन्छ । नेतृत्व गर्नु ,योजना वनाउनु, समन्वय गर्नु, संगठन गर्नु, निर्देशन गर्नु, नियन्त्रण गर्नु, कर्मचारीको व्यवस्था गर्नु आदि व्यवस्थापनका प्रमुख कार्यहरू हुन् ।

व्यवस्थापन भनेको एउटा सामाजिक प्रक्रिया भएकोले यसबाट निर्धारित लक्ष्य प्रभावपूर्ण तरिकाले प्राप्त गर्न सक्नुपर्छ । मानिसका साझा उद्देश्यहरू परिपूर्ति गर्न व्यवस्थापनको निर्माण गरिन्छ भने संगठनको उद्देश्य पूरा गर्न उचित एवं प्रभावकारी व्यवस्थापनको आवश्यकता पर्दछ । व्यवस्थापनलाई कलाको रुपमा समेत वुझ्ने गरिन्छ । यो संगठनमा आबद्ध व्यक्तिहरूसँग मिलेर कार्यसम्पादन गरी सन्तोषजनक सफलता पाउने कला हो । यसलाई कला र विज्ञानको समिश्रण पनि मान्ने गरिन्छ । व्यवस्थापनअन्तर्गत योजना

बनाउने, संगठन बनाउने, निर्देशन गर्ने, समन्वय गर्ने जस्ता प्रक्रियाहरू पर्दछन् । असल व्यवस्थापकले आफ्नो कामको लागि धेरै व्यक्तिहरूबाट सहकारिता, सहभागिता, हस्तक्षेप र संलग्नता प्राप्त गर्न सक्नुपर्छ ।

२० औँ शताब्दी अगाडि व्यवस्थापन शब्दको प्रयोग शाब्दिक रुपमा मात्र गरिन्थ्यो भने आज आएर यसको अर्थ र परिभाषामा समेत व्यापक तरिकाले व्यवहारिक रुपमा प्रचलनमा ल्याएको पाइन्छ । मानव समाजको विकास र  विस्तारसँगै यो शब्दको पनि समय सापेक्ष विकास र विस्तार हुँदै आएको पाइन्छ र समाजको जटिलतासँगै यसको महत्व पनि बढ्दै गएको बुझ्न सकिन्छ । ऐतिहासिक रुपमा अध्ययन गर्दा मानव सभ्यताको औपचारिक सुरुवातसँगै व्यवस्थापनको धेरथोर विकास भएको पाइन्छ  । त्यसबेलाको व्यवस्थापन प्रचलित नियम आफ्नो समूहमा लागू गराउने कार्यमा सीमित थियो । पछि सभ्यताको विकासको क्रमसँगै मानिसको समूहले फराकिलो आकार लिन थाल्यो । फलस्वरुप व्यवस्थापन व्यापक र जटिल बन्दै गयो । परम्परागत सोच र ढाँचामा पनि परिवर्तित धारणाहरू देखा परे । मानिसको बुद्धि, विवेक, भौतिक साधनको परिचालन र जीवनयापन आधुनिकता तर्फ विकसित भई व्यवस्थापन निश्चित प्रक्रियाका रूपमा यही नै हो भनी प्रतिपादन नभई समयानुकूल क्रमिक रुपमा विकसित भई आएको छ किनकि हरेक विकास र प्रगति विगतको कमी कमजोरी, अनुभव आदिलाई मनन् गरी नयाँ विचारधारामा अघि बढेको पाइन्छ । विकासक्रमको तथ्यले हरेक पछिल्लो विचारधारालाई सुविधायुक्त बनाउदै अघि बढेको देखिन्छ (कोइराला र श्रेष्ठ, २०६२) ।

व्यवस्थापनको क्रमिक विकासलाई सामान्यत ३ भागमा विभाजन गरी अध्ययन गर्ने गरिन्छ : प्राचीनकाल, मध्यकाल र आधुनिककाल । प्राचीनकालीन व्यवस्थापन भन्नाले पश्चिममा रोमको सभ्यता (३००० वि.सि.) को व्यवस्थापन, इजिप्टको विकास व्यवस्थापन देखि अठारौ शताब्दीको अन्त्य सम्मको पुरानो व्यवस्थापनलाई वुझिन्छ । यो व्यवस्थापन अन्तर्गत रोमन क्याथोलिक चर्चको व्यवस्थापन, प्लेटो र सुकरातको कार्य विशिष्टीकरण सम्वन्धी व्यवस्थापन, इसाई धर्ममा वाइवल मा उल्लिखित व्यवस्थापनको धारण, Alexander ले सैनिक परिचालनमा समन्वय गर्न गरेको व्यवस्थापन साथै पूर्वमा कौटिल्यको नगर एवं राज्यको व्यवस्थापन आदि पर्दछन् । सन् १८८१ मा व्यवस्थापन सम्बन्धी शिक्षाको आवश्यकता महसुस गरी फिलादीका एक उद्योगपति James Whanton ले पेन्सिलभानिया विद्यालयलाई एक हजार डलरमा व्यवस्थापन सम्वन्धी शिक्षा दिनका लागि एउटा

डिपार्टमेन्टको स्थापना  गर्न सुरु गरे (कोइरला २०६२ पृ.१ मा उदृत) । यसरी व्यवस्थापन सम्वन्धी सिद्धान्तलाई उद्योगधन्दाबाट शैक्षिक सस्थामा फैलाउने यो ज्यादै महत्वपूर्ण घटना मानिन्छ । २० औं शताब्दीलाई व्यवस्थापनको उल्लेखनीय र आधुनिक शताब्दी मानिन्छ । परम्परागत रुपमा चल्दै आएको प्रशासनिक व्यवस्थापनलाई सिलसिलागत, वैज्ञानिक र तर्कसङ्गत वनाउने अभियानका प्रवर्तकका रुपमा F. W Taylar लाई चिनिन्छ । प्रारम्भमा Taylor, Henry Fayol, John E. Lee, ChesterI.Barnard लगायतका विद्वान्हरूले व्यवस्थापनलाई सैद्धान्तिक अवधारणा प्रदान गरे (कोइराला र श्रेष्ठ, २०६२) ।

व्यवस्थापनको सन्दर्भमा शैक्षिक व्यवस्थापनलाई पनि भुल्न सकिदैन । शैक्षिक व्यवस्थापन भनेको शैक्षिक सेवाहरू प्रभावकारी एवं सफलतापूर्वक सञ्चालन गराउने पक्रिया हो । यो एक शैक्षिक प्रशासन हो जस्मा कार्यकर्ताहरूको प्रयासमा समञ्जस्य स्थापना गर्ने र उपयुक्त सामग्रीहरूलाई मानवीय गुणहरूको विकास हुने गरी विद्यालयका कार्यकर्ताहरूको विकासमा चासो राख्दछ ।

शैक्षक व्यवस्थापनमा लिङ्गीय धारणा अघि सार्दै व्यवस्थापनको माथिल्लो तहमा महिलाहरूको सहभागिता कम छ भन्ने कुरालाई शिक्षाविद् डा. विद्यानाथ कोइराला र चन्द्रबहादुर श्रेष्ठ(२०६२) ले स्वीकार गर्दै केही बर्ष यता भने माथिल्लो व्यवस्थापनमा समेत महिलाको संलग्नता बढ्न थालेको उल्लेख गर्दै यदि समान किसिमको नीति नियम भएमा, स्वच्छ ढंगले कर्मचारी छनौट भएमा, समाजको भेदभावपूर्ण धारणा र व्यवाहारमा परिवर्तन भएमा महिला कमजोर हुन्छन भन्ने धारणाको अन्त्य भएमा, संघसस्थाहरूले महिलाको प्रतिनिधित्वलाई समेत स्विकारेमा दक्ष महिलाहरूले माथिल्लो व्यवस्थापकीय स्थान धेरै ओगट्ने सम्भावना बढेको छ भन्ने धारणालाई अघि सार्नु भएको छ ।

शिक्षा आर्जनका लागि स्थापना गरिएको शैक्षिक संस्थाको नाम विद्यालय हो । औपचारिक शिक्षा प्रदान गर्ने यो थलो मानवीय जीवनलाई सभ्य र समुन्नत वनाउने सर्वाधिक भूमिका निर्वाह गर्ने सामाजिक संस्था पनि हो । विद्यालयले सामाजिक परिवर्तनमा ठूलो सहयोग गर्दछ । समाजको आवश्यकता अनुसार विद्यालयहरु स्थापित हुन्छन् । विद्यालयले समाजका मूल्य र मान्यता, संस्कृति, प्रगति, भावी पिँढीमा अधिकार समेत सुसज्जित गर्दछ । विद्यालय र समाज एकै सिक्काका दुई धार हुन् । त्यसैले समाज बिना

शिक्षा र शिक्षा बिना समाजको कल्पना पनि गर्न सकिदैन । समाजलाई सही बाटोमा ल्याउन सामाजिक मूल्य, मान्यता र सस्कारलाई सकारात्मक परिवर्तन गर्न उपयुक्त वातावरण बनाई विद्यालयले निर्वाह गर्ने भूमिका, व्यक्ति, समाज, र राष्ट्रकै लागि उपयोगी रहन्छ र विद्यालय सञ्चालनका लागि समाजका हरेक सदस्यको योगदानको पनि उतिकै महत्व रहन्छ । समाजको प्रगति र उन्नतिका लागि विद्यालयको स्थापना हुने भएकाले समाजको योगदान र सहभागितालाई ठूलो महत्व दिइन्छ । विद्यालयका लक्ष्य र उद्देश्यहरू समाज परिवर्तनका लागि हुन्छन् जस्को प्राप्तिका लागि सामुहिक सहकारिताको आवश्यकता पर्दछ । संभवतः यही अभिप्रायले सरकारले हरेक विद्यालयको सञ्चालन, रेखदेख र नियन्त्रणका लागि विद्यालय व्यवस्थापन लाई अनिवार्य निकायको रुपमा परिकल्पना गरेको छ ।

विद्यालयका विभिन्न पक्षहरु मध्ये व्यवस्थापनलाई शैक्षिक व्यवस्थापनको एक महत्वपूर्ण पक्ष मान्न सकिन्छ । गुरुकूल शिक्षा प्रणालीको वेला पौराणिक कालमा शिक्षा व्यवस्थापनको जिम्मा आश्रमलाई नै हुन्थ्यो । लिच्छविकाल र मल्लकालमा पनि राज्यले शिक्षालाई आफ्नो दायित्व भित्र लिएको थिएन । जहानिया राणाशासनकालमा जङ्गवहादुर राणाले आफ्ना सन्तानहरूलाई अङ्ग्रेजी शिक्षा दिन नेपालमा २०१० सालमा दरबार स्कूलको स्थापना भएपछि नै शैक्षिक व्यवस्थापनको सुरुवात भएको हो । जहाँ औपचारिक शिक्षाको व्यवस्था, त्यहाँ शैक्षिक व्यवस्थापन भए झैं शैक्षिक व्यवस्थापन को सुरुवात पनि दरबार स्कूलबाट नै भएको देखिन्छ । दरबार स्कूलको व्यवस्थापन गर्न व्यवस्थापकको रूपमा वेलायती नागरिक Mr. Ross / Mr canning खटिनु भएको थियो (अधिकारी,२०५९) । २००७ सालको राजनीतिक परिवर्तन पछि धेरै ठाउमा विद्यालयहरू स्थापना गरिए । पञ्चायत कालमा पनि विद्यालय स्थापना हुने काम द्रुतगतिमा भयो, त्यतिवेला सरकारले विद्यालयहरूको स्वीकृति दिने, नाम मात्रको आर्थिक सहायता दिने र कहिलेकाहीँ अनुगमन गर्ने मात्र गर्दथ्यो । विद्यालय सञ्चालनको सम्पूर्ण खर्च र व्यवस्थापनको काम स्थानीय समुदायवाट गठित सञ्चालक समितिले गर्दथ्यो । सञ्चालक समितिले श्रमदान जुटाएर वा चन्दा उठाएर विद्यालयको भैतिक व्यवस्थापन गर्ने गर्थे भने विद्यार्थीहरूको शुल्कबाट वा सो अपुग भए चन्दा उठाएर शिक्षकहरूको तलब वेहोर्ने काम गर्दथे । नयाँ शिक्षा योजना २०२८-३२ लागू भएपछि परिस्थितिमा ठूलो परिवर्तन आयो । शिक्षकहरूको पूरै तलव सरकारले व्यहोर्न थाल्यो र विद्यालयको भौतिक पूर्वाधार निर्माणमा पनि केही हदसम्म नेपाल

सरकारले सहयोग गर्न थाल्यो । यस्तो सहयोग सगँसगै सञ्चालक समितिको अवधारणामा पनि परिवर्तन आयो र यसलाई सहयोग समिति नामकरण गरी यसका अधिकार र कर्तव्यहरूलाई पनि सीमित गरियो । तर नयाँ शिक्षा योजनाको मध्यावधि मूल्याङ्कन पछि पुनः विद्यालयको सञ्चालन , नियन्त्रण र रेखदेखको जिम्मेवारी सहित सञ्चालक समितिलाई व्यूताउने काम भयो, जसको नाम विद्यालय व्यवस्थापन समिति राखिया" बढु (२०६७ पे.३२) ।

२०४६ सालको जनआन्दोलन पछि परिवर्तनलाई समेट्न २०४७ सालमा नयाँ संविधान जारी भयो । यसमा आधारित भई शिक्षा नियमावली परिवर्तन गरियो र २०५८ साल पछि विद्यालय व्यवस्थापन समितिको गठन विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका अभिभावकहरूको भेलाले सर्वसम्वत वा चुनावी प्रक्रियाबाट गठन गरिने व्यवस्था भयो र यसप्रकारको व्यवस्थापनवाट वि.व्य.स लाई अत्यन्तै जिम्मेवार र शक्तिशाली बनाउने प्रयास गरिएको छ । नेपाल सरकारद्वारा जारी वर्तमान शिक्षा नियमावलीले समेत यसलाई निरन्तरता दिदै विद्यालयमा विद्यालय व्यवस्थापन समितिलाई अनिवार्य निकायको रुपमा लिई यसका काम, कर्तव्य र अधिकारहरू समेत निर्धारण गरेको छ ।

गणतन्त्र सुदृढीकरण तथा केही नेपालको कानुन संसोधन गर्ने ऐन,२०६६ समेतको नेपालको शिक्षा ऐन २०२८ को दफा ११ को उपदफ २(घ), दफा ११(ट)को उपदफा १(घ) र दफ १२ को उपदफा १(ख) मा क्रमशः जिल्ला शिक्षा समितिमा २ जना महिला, गाउँ शिक्षा समितिमा १ जना महिला र विद्यालय व्यवस्थापन समितिमा १ जना महिला सहितको समिति चयन गर्ने व्यवस्था भएको छ । ( शिक्षा विभाग,२०६५)

त्यसैगरी शिक्षा नियमावली (२०४९) को दफा.१२ मा उल्लिखित वि.व्य.स.मा उल्लेख गरिएको गठन प्रक्रियामा एक जना महिला सदस्यको स्थान अनिवार्य गरिएको छ । साथै महिलालाई अध्यक्षलगायत अन्य पदमा रहन भने यो व्यवस्थाले रोकेको पनि पाइँदैन र एक वा एकभन्दा वढी वा सवै महिला पदाधिकारी पनि वि.व्य. स.को सदस्य वन्न सक्ने खुल्ला स्थिति रहेको कुरा समेत यो नियमावलीमा उल्लेख गरिएको छ (शिक्षा नियमावली २०४९ को छैटौं संसोधन समेत) । तर अनिवार्य व्यवस्थावाहेकको थप महिला उपस्थिति केही शङ्कास्पद देखिएको छ । यही शङ्का निवारणको प्रयास यो अनुसन्धानले गर्ने प्रयत्न गरेको छ ।

विद्यालय व्यवस्थापन समिति निसर्त निकायको रुपमा रहदै आएको छ जस्ले गर्दा समितिका पदाधिकारीहरुले श्रम गर्ने गरी समय दिदैनन् वा दिने गरेका छैनन् । समय र परिश्रमका लागि पदाधिकारीलाई वैतनिक वनाउनु पर्ने नपर्ने सवाल खोज र वहसको विषय पनि वन्न सक्छ । तथापि वर्तमानमा लागू भएको अवधारणमा पदाधिकारीहरूको सक्रिय, पारदर्शी भूमिकाको र विद्यालयको उन्नतिका लागि जिम्मेवार व्यक्तित्व मानिन्छ । विद्यालयसँग सम्वन्धित कुनै पनि निर्णय प्रक्रियामा सवै समाजका सदस्यहरूदेखि वि.व्य.स.का सवै पदाधिकारीको समान जिम्मेवारी रहनु पर्दछ । साथै यथासम्भव समितिले गर्ने सवै प्रकारका निर्णयहरु सर्वसम्मत हुनु पर्दछ । विद्यालयका कार्यहरूमा सवैको अपनत्वको भावना अभिवृद्धि गर्न विश्वका प्राय सवै स्थानमा विद्यालयको व्यवस्थापनको जिम्मा सोही समाजका सदस्यको जिम्मामा छाडिएको हुन्छ । व्यवस्थापन सम्वन्धी सैद्धान्तिक अवधारणलाई हेर्दा विश्वकै शिक्षाप्रणालीमा स्थानीय सामाजिक कार्यकर्ता , विद्यालय संस्थापक अभिभावक तथा चन्दादाताहरूलाई समितिमा समावेश गर्ने कुनै न कुनै संरचनाको निर्माण गरेको पाइन्छ । यस्ता संरचना निर्माण गर्दा मुख्यतः निम्न तीनवटा प्रक्रियाहरु प्रयोगमा आएका देखिन्छन् :कर्मचारीतन्त्रमा आधारित प्रक्रिया, राजनीतिक प्रक्रिया, सहभागितामूलक वा प्रजातान्त्रिक प्रक्रिया ( थापा, २०६७) ।

नेपालको शिक्षा ऐन तथा नियमावलीका संशोधनहरुले वि.व्य.स गठनमा प्रायः माथिका तीनवटै प्रक्रिया अपनाउन खोजेको देखिन्छ । त्यसमध्ये पनि तेस्रो र प्रजातान्त्रिक पक्रिया अपनाउने गरेको पाइएको छ । तर पनि, यस प्रक्रियामा राजनीतिक अभ्यासले प्रशस्त ठाउँ पाउने गरेको र कर्मचारितन्त्र को गन्ध समेत आउने गरेको छ । त्यसैले अब सधैँका लागि समितिको गठनको राजनीतिक तानातानको स्थिति अन्त्य गरी प्रभावकारी विद्यालय व्यवस्थापका लागि सहभागितमूलक प्रक्रियाको बारेमा पनि विचार गर्नुपर्नेभएको छ । अहिलेको वि.व्य.स बोलबाला, राजनीतिक दबाव, बनावटी अभिभावक आदि प्रक्रियाबाट पनि गठन हुने गरेको अवस्था छ भन्ने आउने गरेका गुनासाका  साथसाथै महिलाको सहभागितामा समेत प्रभाव देखिन सक्ने हुनसक्छ ।

हालको समावेशी अवधारणा प्रवल वन्दै गएको परिप्रेक्ष्यमा महिलाको सहभागिता र भूमिका सबै ठाउँमा अपेक्षा भइरहेको छ । समाजका लागि र विद्यालयकै सञ्चालन रेखदेख र नियन्त्रणका लाीग विद्यालय व्यवस्थापन समिति एउटा महत्वपूर्ण पाटो भएकोले वि.व्य.स.मा महिला सहभागिताको संख्यात्मक प्रतिनिधित्व कस्तो छ ? महिलाको

वि.व्य.स.मा गुणात्मक प्रभाव कस्तो छ ? वि.व्य.स.मा महिला सहभागिताले छात्राका विभिन्न समस्यालाई सहयोग पुग्ने खालका नीति निमार्ण र कार्यन्वयनमा सहयोग पु-यााएका छन् वा छैनन् ? जस्ता प्रश्नहरूमा यो अध्ययन केन्द्रित रहेको छ ।

विकासको क्रममा राज्यको परम्परागत भूमिका समयानुकूल परिवर्तन हुँदै आइरहेको छ । देशको कूल जनसङख्याको आधा अंश ओगटेका महिलाको सहभागिताविनाको विकास सार्थक हुन सक्दैन । समाजमा महिलाप्रति पुरातन दृष्टिकोणमा सुधार ल्याई विकासका हरेक पक्षमा महिलाको सहभागिता सुनिश्चित गर्नु आजको आवश्यकता हो । यसै आवश्यकतालाई महसुस गरी शिक्षामा महिलाको पहुँच बढाउन छात्रवृत्ति कार्यक्रम, महिला शिक्षा कार्यक्रम, शिक्षाका हरेक तहमा महिलाको सहभागिता लागू भएका छन् भने विभिन्न प्रकारका नीति तथा कार्यक्रम वनाई कार्यन्वयन गरेको पाइन्छ । जिल्ला शिक्षा, गाँउ शिक्षा र विद्यालय व्यवस्थापन समितिहरूमा महिलाहरूको अनिवार्य प्रतिनिधित्व गराइएको छ । त्यसैगरी हाल ३ ओटा दरबन्दी भएको प्रत्येक प्राथमिक विद्यालयमा कम्तीमा १जना, ४ देखि ७ ओटा सम्म दरबन्दी भएका विद्यालयमा कम्तीमा २ जना र ७ ओटाभन्दा बढी दरवन्दी भएका विद्यालयमा कम्तीमा ३ जना महिला शिक्षकको दरवन्दी रहने व्यवस्था गरिएको छ भने प्राथमिक तहको विद्यालयमा ५० प्रतिशत महिला शिक्षक नियुक्ति गर्न विद्यालयलाई थप अनुदानको व्यवस्था समेत गरिएको छ(शिक्षा विभाग,२०६५) ।

स्तरीय कार्य तथा जीवनका महत्वपूर्ण कार्यमा कूल जनसङ्ख्याको ५.४ प्रतिशत अंश ओगटेको महिलाको संलग्नता ज्यादै कम छ । पर्याप्त मात्रामा महिलालाई विकासका पूर्वाधार निर्माण गर्ने कार्यमा संलग्न गराउन सकिएको छैन । उनीहरूलाई उन्नति गर्ने पर्याप्त मौका दिइएको छैन र अगाडि बढ्न निरुत्साहितसमेत हुने गरेको छ (पा. वि. के.,२०६४) ।

संसारका विभिन्न देशहरूमा गरिएको अनुसन्धानले आमा शिक्षित छिन् भने उनका बालबच्चा बढी शिक्षित र स्वस्थ्यकर भएको देखाइएको छ । शिक्षित आमाका बच्चाहरु स्कूलमा पढ्न पठाइन्छन् र उनीहरूले स्कुलमा राम्रै गर्दछन् । आमाले पनि घरबाहिर काम गरी आय आर्जन गर्छिन् र त्यो परिवार अरूको भन्दा सुखी तथा आर्थिक हिसाबले पनि उन्नत स्तरको हुन्छ । उनीहरुको बोलीचाली, पारिवारिक रहनसहन र सिङ्गो सभ्यता नै राम्रो हुन्छ । यसरी त्यस्ता परिवारले देशका निम्ति आवश्यक दक्ष जनशक्ति प्रदान गर्छन् ।

राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा नै समावेशी अवधारणाको माग तीव्र गतिमा वढ्दै गएको पाइन्छ । जसमा पनि महिला विकासका कुरा उठ्न थालेको धेरै वर्ष भए तापनि महिलाहरूको उन्नति र विकास अपेक्षा गरेअनुरूप भएको पाइदैन जबसम्म महिलाहरू आफैं सक्षम भएर समुहिक कार्यका लागि  समुहमा आबद्ध हुँदैनन् तबसम्म जतिसुकै राम्रा कार्यक्रम बनाए पनि महिलाहरुको आर्थिक, सामाजिक, राजनीतिक र शैक्षिक विकास हुनसक्दैन । समाजका विभिन्न समुदायमा रहेका परम्पराहरू, महिलाको शारीरिक र सामाजिक परिवेशमा नै असर गर्ने खालका प्रचलनहरू अझै काहीँ कतै यथास्थितिमा रहेको पाइन्छ । महिला विकासलाई निरुत्साहित पार्ने यी धारणा नै गलत छन् । यही धारणाको असर महिला वर्ग र सिङ्गो देशलेनै भोग्नु परिरहेको छ । महिलाहरुमा कानुनी ज्ञानको अभाव हुनु, महिला न्यायमा पहुँच नहुनु र स्रोत र साधनमाथि पनि समानुपातिक पहुँच नहुनु जस्ता कुराहरुले अझैसम्म पनि दरो जरो गाडेको पाइन्छ ( त्रिपाठी, २०६३) ।

यसैगरी नेपालमा पनि अन्तर्राष्ट्रिय रूपमा सर्वसम्मत ठानिएका र पक्ष राष्ट्र भएका सवलमा महिला विकासका लागि संस्थागत विकास गर्ने प्रयास गरिरहेको छ । नेपालले गरेका यस्ता प्रयासको रूपमा “बेइजिङ कार्यनीति १९९५” लाई अनुमोदन गरी यस सम्मेलनले पारित गरेका १२ ओटा लक्ष्यहरूलाई कार्यान्वयन गर्न ध्यान केन्द्रित गरेको थियो । यसअनुरूप  सन् १९८७ मा श्रम मन्त्रालय र कृषि मन्त्रालयले महिला विकास महाशाखाको स्थापना गरी महिला विकाससम्बन्धी कार्यक्रम सञ्चालन गरियो, सन् १९८० मा स्थानीय विकास मन्त्रालयमा महिला विकास शाखाको स्थापन गरियो । सन् १९९३ मा शिक्षा तथा समाज कल्याण मन्त्रालयले सन् १९७२ मा स्थापना गरेको महिला शिक्षा परियोजनालाई महिला विकास शाखाका रुपमा स्थापना ग-यो, सन् १९९३ मा नै जलस्रोत मन्त्रालयमा महिला विकास एकाइ र राष्ट्रिय योजना आयोगमा महिला विकास शाखाको स्थापना भयो, सन् २००२ मा महिला आयोगको स्थापना भयो ।

तत्कालीन सरकारका विभिन्न निकायहरूले महिला विकास सम्बन्धमा गरिएका योजनाहरुलाई कार्यान्वयन गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएका भए तापनि महिलाहरूको सर्वाङ्गीण विकास अपेक्षित रूपमा हुन सकेको थिएन । बेइजिङमा भएको अन्तराष्ट्रिय महिला सम्मेलनले पनि सफल कार्यान्वयनका लागि उच्चस्तरीय राष्ट्रिय निकायको स्थापना हुनुपर्ने कुरा पारित गरेको र विभिन्न क्षेत्रहरूबाट पनि यस कुराको खाँचो महसुस भएकोले नेपालको तात्कालीन सरकारले सन् १९९५ सेप्टेम्बरमा नै महिला तथा

समाज कल्याण मन्त्रालयको स्थापना ग-चो राष्ट्रिय तथा अन्तराष्ट्रिय सन्दर्भमा भएका परिवर्तन अनुरुप महिला सम्बन्धी मौजुदा कानुनमा समसामयिक परिवर्तन गरी महिलाहरुलाई निर्णयतहमा पुचाउन सक्ने वातावरण सिर्जना गर्ने अवधारण राखी यस मन्त्रालयको स्थापना गरिएको हो । संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरुले पनि आ-आफ्नो देशको आवश्यकता अनुरुप कार्यक्रमहरु तयार गरी तिनको कार्यान्वयन गर्दै आएका छन् । सन् १९७५ देखि सन् १९८५ लाई महिला दशकको रुपमा मनाएर महिला विकास सम्बन्धी कार्यहरुलाई महत्व दिइएका छन्, (नेपाल सरकार,(२०६३) ।

देश विकासको लागि त्यस देशमा वसोबास गर्ने महिला वा पुरुषको समान सहभागिता हुनुपर्ने भन्ने धारणाको विकास नेपालमा पनि बढ्दै गएको परिप्रेक्ष्यमा महिला वर्गलाई समाहित गर्दे लाने खालका कार्यक्रम र क्रियाकलापहरु लाई ढिलै गतिमा भए पनि यदाकदा कार्यान्वयन गर्ने गरिएको छ । त्यसैले महिलाको सहभागिताले नै मात्र कुनै पनि कार्यलाई सहजताका साथ सम्पन्न गर्न सकिन्छ भन्ने कुरा सवैको मनस्थितिमा आइ सकेको आवस्था छ । त्यसैले विभिन्न समयमा निर्माण भएका नीति नियमहरुले महिला सक्रियता वा सहभागितालाई वढुवा दिन थालिएको छ । महिलाहरुमा सामाजिक, आर्थिक, शैक्षिक तथा न्यायिक क्षेत्रमा पहुँच बढाउदै लैजानुपर्ने तीव्र राष्ट्रिय तथा अन्तराष्ट्रिय दबाव अनुरूप विभिन्न कार्यक्रममा महिला समावेश हुने सकारत्मक सोच लाई वढावा दिदै देशविकासमा महिलाको भूमिका लाई वढाउनु पर्ने सरकारी तथा गैर सरकारी अवधारणाको सानो प्रतिफलको रूपमा हाल विद्यालय व्यवस्थापन समितिमा महिला उपस्थितिको स्थितिलाई लिन सकिन्छ ।

महिलाको सक्रिय सहभागिता विना देश विकास गर्न वा उत्थान गर्न खोज्नु बालुवामा पानी हाले जस्तै हुन्छ । स्थानीय स्वायत्त शासन ऐन २०५५ मा गा.वि.स, न.पा. र जि वि.स मा महिला अनिर्वाय हुनुपर्ने व्यवस्था गरिएको छ । त्यसैगरी शैक्षिक क्षेत्रमा पनि महिलाको सहभागिताले छात्राहरूको शैक्षिक उपलब्धि वा छात्राको सहभागितालाई वढावा दिन सकिन्छ कि भन्ने उद्देश्यले विद्यालयको व्यवस्थापनमा पनि एक जना महिलाको सदस्यको व्यवस्थालाई अनिवार्य गरिएको छ । यसै सन्दर्भमा वर्तमान अवस्थामा विद्यालय व्यवस्थापन समितिमा महिला सदस्यको भूमिकाको लेखाजोखा गर्न यो शोधकार्य गरिएको हो ।

## १.२ समस्याको कथन

वर्तमान अवस्थामा विद्यालय शिक्षाको सरकारी निर्देशकको रुपमा रहेको शिक्षा नियमावलीले विद्यालय व्यवस्थापन समितिमा एकजना महिला पदाधिकारी अनिवार्य रुपमा रहनुपर्ने वाध्यताकारी व्यवस्था गरेको छ । यसलाई समावेशी अवधारणाको कार्यान्वयनको एक झलक मान्न सकिन्छ । यसलाई लैङ्गिक समताको प्रयासहरूको एक प्रयत्न समेत मान्न सकिन्छ । तर एक भन्दा वढी वा सवै पदाधिकारी महिलाहरू हुन सक्ने खुल्ला स्थिति रहेकोमा समेत हाल नेपालमा सरकारी विद्यालयका व्यवस्थापन समितिहरूमा अनिवार्य र वाध्यकारी अवस्था बाहेक महिलाको उपस्थिति कस्तो रहेको छ र वाध्यकारी उपस्थिति मात्र छ कि ? वि.व्य.स. मा एक भन्दा वढी महिला उपस्थिति रहन सक्ने प्रावधान भए तापनि वास्तविक स्थिति कस्तो छ ? प्रमुख पदहरुमा महिलालाई जिम्मेवारी दिने गरिएको छ कि छैन ? यसका अतिरिक्ति वि.व्य.स.मा महिलाको उपस्थितिको प्रभाव वुझ्ने र महिला पदाधिकारीको भूमिका कस्तो रहेको छ ? उनको भूमिका प्रभावकारी भए नभएको समेतलाई लेखाजोखा गर्ने प्रयास यो अनुसन्धानको ध्येय रहेको छ । यस अलावा निर्णय प्रक्रिया र जिम्मेवारी निर्वाहमा महिला पदाधिकारीको उपस्थितिले महिला शिक्षक तथा छात्राहरूमा पारेका प्रभाव र महिला शिक्षक तथा छात्राहरुकालागि वा छात्राका आवश्यकता सम्वन्धी महिला पदाधिकारीले गरेका प्रयत्न, र व्यवस्थापन समितिका वैठकहरूमा गरेका प्रस्ताव र ती प्रस्तावहरु पारित गर्न सके वा नसकेको वा निर्णय प्रक्रियामा कस्तो अवस्था रहेको छ ? भन्ने विषयमा केन्द्रित भई यो अध्ययन गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

शैक्षिक संस्थाका लागि व्यवस्थापन महत्वपूर्ण पाटो हो । शिक्षण सिकाइ एक सामाजिक प्रक्रिया हो जसबाट समाजका सम्पूर्ण वर्ग प्रभावित हुन्छन् । शिक्षक, विद्यार्थी, अभिभावक, समुदायबीच घनिष्ट सम्बन्ध र सम्पर्क स्थापित गर्नुपर्छ । आर्थिक, राजनीतिक, भौतिक पक्षको समन्वय, सहभागिता र सहयोगबाट उद्देश्य पूरा गर्ने कार्य निरन्तर चल्छ । शिक्षाको विकास नै व्यक्ति र राष्ट्रिको आधारशिला हो शैक्षिक व्यवस्थापन पनि सामाजिक परिवर्तन सँगसँगै परिवर्तन भईरहन्छ । शिक्षण संस्थाको केन्द्रविन्दुनै व्यवस्थापन हो । मानवीय स्रोत र साधनको परिचालन गरी राष्ट्रियको लक्ष्य तथा उद्देश्य पूरा गर्न शैक्षिक नेतृत्वले ठूलो जिम्मेवारी बोध गर्नुपर्छ । यसरी व्यवस्थापन सक्रिय र गतिशील साधन

भएकाले योजना तर्जुमा गर्नेदेखि लिएर सङ्गठन गर्ने, निर्देशन गर्ने, समन्वय गर्ने, नियन्त्रण गर्ने कार्य शैक्षिक संस्थामा निरन्तर चलिरहन्छन् । यस्ता कार्य गराउने जिम्मेवारी शैक्षिक व्यवस्थापनको हुन्छ । यसरी शैक्षिक सस्थाको महत्वपूर्ण पक्षको रुपमा शैक्षिक व्यवस्थापन रहेको हुन्छ ।

शिक्षा नियमावलीले विद्यालय व्यवस्थापन समितिमा एक जना महिला सदस्यको अनिवार्य व्यवस्था गरेको परिप्रेक्ष्यमा व्यवहारिक रूपमा निजको भूमिका कस्तो छ ? वि.व्य.स. गठन गर्दा प्रमुख पदहरुमा महिलालाई जिम्मेवारी दिने गरेको छ कि छैन ? त्यसैगरी नीति निर्माण गर्ने र निर्णय गर्ने कुरामा पनि महिला सदस्यहरूको सक्रिय भूमिका हुन सकेको छ छैन ? अत : उनीहरुको भूमिका र सक्रियतालाई वढाउने उपायहरूको खोजि गरी वि.व्य.स मा महिला सदस्यहरूको संङ्ख्या बढाउने साथै उनीहरुको पदीय जिम्मेवारीलाई प्रभावकारी वनाउनु पर्ने आवश्यकता वोध भएको छ ।

शिक्षा क्षेत्रमा विभिन्न विषयहरूमा धेरै अध्ययन अनुसन्धान भएका र भइरहेका छन् । वि.व्य.स. सँग सम्वन्धित पनि धेरै अध्ययन अनुसन्धानहरू भएका छन् तर पनि मोरङ जिल्लामा सामुदायिक माध्यमिक विद्यालयको व्यवस्थापन समितिमा महिला सदस्यको भूमिका शीर्षकमा अहिलेसम्म अनुसन्धान नभएकाले “विद्यालय व्यवस्थापन समितिमा महिला पदाधिकारीको सहभागिता” शीर्षकमा गरिएको यो अध्ययनको छुट्टै र विशेष महत्व रहने विश्वास लिइएको छ । शोधपत्रमा यस सम्वन्धी मुद्धाहरुलाई अत्यन्त सुक्ष्म ढंगले उठइएका छन् । यसले शिक्षासँग सरोकार राख्ने पक्षहरु जस्तै नीति-निर्माता र शैक्षिक योजनाकार, शैक्षिक प्रशासन ,प्रधानाध्यापक, शिक्षक, अभिभावक, मानव अधिकारकर्मी, विद्यालय, विद्यालय व्यवस्थापन समिति र अन्य अनुसन्धानकर्तालाई पनि यस सम्वन्धी थप जानकारी लिन सजिलो हुने भएकोले यो अनुसन्धानको आफ्नै महत्व र औचित्य छ ।

## १.४ अध्ययनका उद्देश्यहरु

यो शोधकार्य निम्नलिखित उद्देश्यहरुमा आधारित भएर गरिएको छ :

१. विद्यालय व्यवस्थापन समितिमा महिला सदस्यहरुको प्रतिनिधित्वको अवस्था पत्ता लगाउनु ।

२. व्यवस्थापन समितिमा महिला सदस्यहरुले खेलेका निर्णायक भूमिकाको लेखाजोखा गर्नु ।

३. महिला सदस्यहरूको सक्रिय सहभागितालाई प्रभाव पार्ने तत्वहरुको पहिचान गर्नु
४. महिला सहभागितालाई प्रभावकारी वनाउने उपायहरु सुझाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्न

१. वि.व्य स.मा महिलाहरूको प्रतिनिधित्वको स्थिति कस्तो छ ?

२. नीति निर्माण र निर्णय प्रक्रियामा उनीहरुको सहभागिता वा सक्रियताको स्थिति कस्तो छ ?

३. उनीहरूले वि.व्य.स.मा रहेर जिम्मेवारी निर्वाह गर्दा के कस्ता व्यवहारिक समस्याहरुसग सामना गर्नु परेको छ ?

५. वि.व्य.स मा महिलाहरूको संख्या बढाउन सम्वन्धित पक्षले के कस्ता नीतिहरू अवलम्वन गर्नु पर्ला ?

६ .दिइएका जिम्मेवारीलाई महिला सदस्यहरूले के कति पूरा गर्ने गरेका छन् ?
७. वैठकहरुमा महिला सदस्यको उपस्थिति र प्रभावकारिता कस्तो रहने गरेको छ ?

## १.६ अध्ययनको परिसिमा

मोरङ जिल्लाको इन्द्रपुर स्रोत केन्द्र अर्न्तगतका ५ वटा सामुदायिक माध्यामिक विद्यालयमा केन्द्रित भई विद्यालयका प्र.अ., स्रोत व्यक्ति, वि.व्य.स.का अध्यक्षहरू र सोही विद्यालय व्यवस्थापन समितिका महिला प्रतिनिधिहरूमा सीमित रही यो अध्ययन गरिएको छ। अनुसन्धानलाई व्यवस्थापन समितिमा रहेका महिला सदस्यहरुले नीतिगत र निर्णय पक्रियामा खेलेको भूमिकाको लेखाजोखा गर्ने कार्यमा सिमित गरिएको छ। प्राप्त निष्कर्षलाई अन्य क्षेत्रमा सीमित मात्रमा सामान्यीकरण गर्न सकिने छ।

# परिच्छेद दुई : सम्वन्धित साहित्यको पुनरावलोकन र अध्ययनको सैद्धान्तिक खाका

शैक्षिक व्यवस्थापन कसरी प्रभावकारी हुन्छ भन्ने बारेमा विद्वान्हरुले विभिन्न सिद्धान्तहरू प्रतिपादन गरेका छन् । ती सिद्धान्तहरुलाई आधार मानेर यो शोधपत्रमा विद्यालय व्यवस्थापन समितिमा महिला पदाधिकारीको भूमिका को अध्ययन तथा अनुसन्धान गर्ने प्रयास गरिएको छ । त्यसै गरी यो अध्ययनसँग सम्वन्धित निम्नलिखित पूर्वकार्यहरुको पुनरावलोकन गरिएको छ ।

## २.१. सम्वन्धित साहित्यको पुनरावलोकन

हार्डभर्ड यूनिभर्सिटि विजनेस रिभ्यू ले सन १९६५ मा महिलाहरूको व्यवस्थापनमा सहभागिता सम्वन्धी धारणाको अनुसन्धान गरेको थियो । यस अनुसन्धानले ५० प्रतिशतको हाराहारीमा महिला उच्च व्यवस्थापनको हाराहारीमा रहन सक्ने कुरा वताएको थियो । सन १९८५ पछि भने उक्त भदभावपूर्ण धारणामा निकै कमी आयो। यसवेला ९ प्रतिशत पुरुष र ४ प्रतिशत महिलाले मात्र उच्च व्यवस्थापनमा रहेर व्यस्थापन संहाल्न नसकिने बताए । त्यसवेला ५० प्रतिशत महिला मात्र व्यापारिक क्षेत्रमा संलग्न भई उपलब्धि हासिल गर्ने निस्कर्ष निस्किएको थियो ।

**भट्टराई**(२०६१)ले स्नातकोत्तर तहको शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत "विद्यालयीय शिक्षा सुधारका लागि प्रधानाध्यापक,शिक्षक तथा समाजसेवीको भूमिकाको अध्ययन" शीर्षकमा गर्नुभएको अनुसन्धानमा शीर्षकमा उल्लिखित व्यक्तित्वहरूको भूमिका अहम् हुने, आवासीय माविमा समस्याहरू जस्तै शौचालय, खानेपानी, खेलमैदान, पुस्तकालय,फर्निचर , शिक्षक दरवन्दी कमी भएको , शिक्षकहरूमाझ सम्वन्ध सुमधुर नभएको, वृत्तिविकासमा अवसर नपाएको , गुणस्तरीय शिक्षा प्रदान गर्न नसकिएको, सरकारी वजेट कम हुनाले प्र.अ.लाई विद्यालय सञ्चालन गर्न असजिलो परेको, नीजि विद्यालयहरूको तुलनामा सरकारी विद्यालयहरूमा भौतिक, आर्थिक, शैक्षिक र प्रशासनिक जस्ता क्षेत्रहरूको व्यवस्थापन हुन नसकेको कुरालाई निष्कर्षकमा औल्याइएको छ ।

**रेग्मी (२०६१)** ले "नेपालमा महिलाको स्थिति" नामक शीर्षकमा लेख्नु भएको लेखमा लेखकले वर्तमा समयमा महिलाको सहभागीता न्यून रहेको कुरा प्रस्तुत गर्नु भएको छ । यसको कारक तत्वको रुपमा अशिक्षा, गरिवी, चेतनाको कमी परम्परागत सोचाई ,

भेदभाव जस्ता कुरा रहेको निष्कर्ष निकाल्नु भएको छ । यस्ता समस्या समाधान गर्नको लागि महिला सशक्तिकरण र लौङ्गिक असमानता सम्वन्धि विविध कार्यक्रम संचालनका गर्नका लागि तथा अन्तराष्ट्रिय क्षेत्रवाट पनि आवस्यक स्रोत साधन र सहयोगको परिचालनको साथै समन्यात्मक रुपमा पहल गर्नुपर्ने देखिन्छ । (रेग्मी, २०६१)

**वस्नेत (२०६३)** ले स्नातकोत्तर तह दोस्रो वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विभाग को आंशिक आवश्यकता परिपूर्तिका लागि तयार पार्नु भएको "प्राथमिक तहमा महिला शिक्षिकाको सहभागिताले शिक्षणमा पारेको प्रभाव" शीर्षकमा तयार पार्नुभएको शोधपत्र अनुसार, अध्ययन क्षेत्रमा रहेका पच्चीस वटा प्राथामिक विद्यालयहरुमा एक-एक जना र पाँचवटा विद्यालयहरुमा दुई-दुई जना महिला सदस्यहरू रहेको तर वि.व्य.स.को अध्यक्ष कुनै विद्यालयमा नरहेको तथ्य उल्लेख गर्नु भएको छ । महिला सदस्यको सहभागिता दर कम हुनुको कारणहरुमा अभिभावकहरुको पक्षपात व्यवहार, लैङ्गिक असमानता, आरक्षणको व्यवस्था नहुनु, महिलाले आफ्नो कर्तव्य नबुझ्नु, आफूलाई कमजोर महसुस गर्नु, नेतृत्व लिन नसक्ने कुराहरु उल्लेख गरिएको छ (वस्नेत,२०६३ ) ।

**सिन्हा** (२०६३) ले स्नातकोत्तर तह दोस्रो वर्ष शैक्षिक योजना तथा व्यवस्थापन विभाग को आंशिक आवश्यकाता परिपूर्तिका लागि तयार पार्नु भएको "एक्काइसों शताब्दीको शैक्षिक दूरदृष्टि नामक" पुस्तकको लैङ्गिक समानता एक विवेचना शीर्षकमा लैङ्गिक समानतामा यसको उद्देश्य भनेको महिला शिक्षालाई धान्न सक्ने बनाउने, शिक्षालाइ बढी बालमैत्री बनाउने र शिक्षाको गुणस्तरमा सुधार गर्ने प्रयासहरुलाई अवलम्वन गर्नु पर्ने कुरा उल्लेख गर्दै लैङ्गिक समानताको लागि पहुँच, गुणस्तर र अवसरमा समानता जस्ता दृष्टिकोण हुनुपर्ने विचार प्रस्तुत गरेका छन्।

**बुढाप्रिथी** (२०६४) ले स्नात्तकोत्तर तहको शोधकार्य अन्तर्गत "काठमाण्डौ जिल्लाको महानगरपालिका तथा ग्रामीण क्षेत्रका सामुदायिक प्राथमिक विद्यालयहरूको शैक्षिक व्यवस्थापनमा प्रधानाध्यापकको भूमिका र त्यसको प्रभावकारिता एक अध्ययन" शीर्षकमा गर्नु भएको अनुसन्धानमा प्रधानाध्यापकको भूमिका महत्वपूर्ण भएकाले निजलाई विद्यालय व्यवस्थापन सम्वन्धमा बिशेष तालिमको व्यवस्था हुनुपर्ने र नीजको वृत्ति विकासमा तालिममा प्राप्त गरेको अङ्कलाई आधार वनाई सम्वन्धित निकायवाट प्रधानाध्यापकको कार्यसम्पादनको उचित मूल्याङ्कन हुनुपर्ने, समुदायिक प्राथमिक विद्यालयहरूमा भौतिक पूर्वाधारको अभावका कारण विद्यार्थीको चौतर्फी मानसिक तथा शारीरिक विकासमा वाधा

पुगेको ,निर्दिष्ट सिकाइ उपलब्धिहरू हासिल गर्न प्रथमिक तहमा बिषयगत शिक्षकको व्यवस्था गर्न नसकिएको,विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षकको दरबन्दी नहुनु, स्थानीय निकायवाट सहयोग नहुनु, शैक्षिक समग्रीलाई प्रभावकारी ढंगले प्रयोग नगरिनु , अभिावकहरूको पढाइप्रति अभिरुचि कम हुनु जस्ता समस्याहरूलाई निष्कर्षको रुपमा प्रस्तुत गरिएको छ ।

**कट्वाल** (२०६६) द्वारा शिक्षाशास्त्र सङ्काय एम.एड.दोस्रो वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत आंशिक आवस्यकता परिपूर्तिकालागि गरेको प्रधानाध्यापकको नेतृत्वले शैक्षिक व्यवस्थापनमा पारेको प्रभाव शीर्षकमा गर्नु भएको अनुसन्धानमा समुदायिक र सस्थागत विद्यलयका प्र.अ.हरूले प्रजातान्त्रिक, स्वेच्छाचारी र स्वतन्त्र नेतृत्वशैली अवलम्वन गरेकाले नेतृत्वशैलीको भिन्नतालाई कम गर्न उचित नेतृत्व दिनसक्ने प्र.अ.को छनौट गर्नुपर्ने सुझव समेतको निष्कर्ष निकालिएको छ ।

**कोईराला** (२०६६) ले स्नातकोत्तर तहको शोधकार्य अन्तर्गत तनहु जिल्लाको सामुदायिक विद्यालयमा शिक्षण सिकाई सुधारका लागि प्रधानाध्यापकको व्यवस्थापकिय भूमिका शीर्षकमा गरिएको अुनसन्धान अनुसार विद्यालयमा शैक्षिक नेतृत्व उच्च रहन नसकेको, प्रधानाध्यापकको व्यवस्थापन तालिमको अभावमा परम्परागत सोच, चिन्तन र शैलिमा भइरहेको, शिक्षा नियमावलीमा तोकिएका काम, कर्तव्य र अधिकार प्रधानाध्यापकका लागि उत्साहाप्रद नभएको देखिएको छ । (कोईराला, २०६६)

**लक्सम** (२०६६) द्वारा स्नातकोत्तर तह दोस्रो बर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि पाँचथर जिल्लाको प्राथमिक विद्यालयहरूलाई आधार मानि महिला प.अ. पाँचवटा र पुरुष प्र.अ. पाँचवटा गरी जम्मा दस जनामा आधारित भई "प्राथमिक विद्यालयको शैक्षिक व्यवस्थापनमा महिला र पुरुष प्र.अ.को भूमिकाको तुलना" शीर्षकमा गर्नु भएको अनुसन्धान अनुसार वि व्य स.को वैठक, छलफल, विद्यालय स्तरीय विनियमको निर्माण, कार्य अनुगमन तथा निरीक्षणजस्ता कार्यहरूमा महिला प्र.अ.हरूको तुलनामा पुरुष प्रअ.हरू रहेको विद्यालय अग्र स्थानमा रहेको देखिएको छ भने पृष्ठपोषण दिने, पुरस्कृत गरी विद्यार्थीहरूलाई उत्प्रेरणा प्रदान गर्ने, प्राप्ताङ्कको आधारमा सुधारात्मक शिक्षण कार्य गर्ने साथै निर्माण कार्यको सम्पन्नता पछि दीर्घकालीन संरक्षणको कार्यक्रम बनाउने आदि कार्यमा महिला प्र.अ. भएको विद्यालयहरू उच्च स्थानमा रहेका देखाइएका छन । तर सोही अनुसन्धान

अनुसार शैक्षिक उपलब्धिका हिसावले पुरुष प्र.अ. र महिला प्र.अ. भएका विद्यालयहरूको शैक्षिक उपलब्धि समान पाइएको तथ्यलाई उल्लेख गर्नु भएको छ ।

**भट्टराई** (२०६७) ले स्नातकोत्तर तह दोस्रो बर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि "शिक्षण सिकाई प्रक्रियामा लैङ्गिक मुद्दाको व्यवस्थापन" शीर्षकमा गर्नु भएको अनुसन्धानात्मक अध्ययनमा विद्यालयमा लैङ्गिक मुद्दा व्यवस्थापन हुन नसकेको देखाइएको छ । हिमालय उच्च मा.वि, निशंखे ठूलाछाप-ओखलढुङ्गा स्रोतकेन्द्र विद्यालयको सेवाक्षेत्र पर्ने पाँचवटा विद्यालयहरूलाई आधार मानेर गरिएको अनुसन्धान अनुसार अभिभावकहरूले वालवालिकालाई विद्यालय पठाए तापनि छोरा र छोरीमा पढाउनुको पछाडि छत्रवृत्ति जस्ता केही प्रलोभन, फौजी जागिर वा शिक्षकमा भर्ना वा विवाहा गर्ने प्रमाण-पत्रका लागि छोरीलाई पढाउने अभिभावको व्यप्त मनोविज्ञान देखिएको कुरा उल्लेख  छ । त्यस्तै शैक्षिक हिसाबले कक्षाकोठा, बसाइ, खेलकुद, अतिरिक्त क्रियाकलाप पुस्तकालय आदिको सहभागितामा छात्राहरूको दयनीय अवस्था, घरपरिवारदेखि विद्यालय सम्म छात्राले प्रकट अप्रकट रुपमा भोग्नुपर्ने समस्या , कक्षामा छात्राको उदासीनता , अन्तरक्रियात्मक अवसरहरूमा निष्क्रियता जस्ता छात्राका समस्यालाई सम्वोधन हुने खालका तथा शौचालय, बसाइ, सेक्सन विभाजन, दायित्व लगायत व्यवस्थापनका कयौ पक्षहरूमा ध्यान नपुगेको कुराहरू यस अनुसन्धानमा देखाइएको छ (भट्टराई, २०६७) ।

**भट्टराई** (२०६७) ले स्नातकोत्तर तहको  शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिकालागि "माध्यमिक तहमा महिला शिक्षकको शिक्षणमा सहभागिता" शीर्षकमा  गर्नु भएको अनुसन्धान ताप्लेजुङ जिल्लाको दुईवटा स्रोत केन्द्र( तेम्वे र खोक्लिङ) मा आधारित भइ पाँचवटा सामुदायिक माध्यमिक विद्यालयलाई नमुनाका रुपमा लिइएको छ । यस अनुसन्धान अनुसार माध्यमिक तहमा महिला शिक्षकको सहभागिता न्यून रहेको उल्लेख छ । सहभागि महिला शिक्षकरू अधिकांश तालिम प्राप्त देखिएका, बिषयगत रुपमा नै शिक्षण भइरहेको भएतापनि सहभागिता नै न्यून देखिनुका पछाडि  समाजको लैङ्गिक विभेद, सामाजिक कुसस्कार , योग्यता र प्रतिस्पर्धामा कमि, आर्थिक अभाव, चेतनाको कमि, प्रभावहीन व्यवस्थापन, सरकारको फितलो नीति नियम, घरायसी कार्यमा व्यस्तता साथै स्व:चेतनाको अभाव जस्ता कुराहरूलाई औंल्याइएको छ (भट्टराई, २०६७ ) ।

शिक्षा नियमावली २०४९ को छैटौ संसोधन अनुसार सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक सामुदायिक माध्यमिक विद्यालयमा एक व्यवस्थापन समिति रहने व्यवस्था छ, जसको गठन देहायको प्रक्रियावाट हुनेछ यस प्रक्रिया अनुसार अभिभावकहरूले आफूहरुमध्येबाट छानी पठाएको व्यक्ति अध्यक्ष रहने व्यवस्था छ भने अभिभावकहरुले नै आफूहरूमध्येबाट छानी पठाएका एकजना महिलासहित तीनजना सदस्य रहने व्यवस्था गरेको छ यसैगरी विद्यालय रहेको गाँउ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडा अध्यक्ष सदस्य रहनुपर्ने प्रावधान अनुसार मनोनीत सदस्यका रुपमा विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको स्थानीय बुद्धिजीवी वा शिक्षाप्रेमीहरूमध्येवाट एक जना सदस्य र मनोनीत सदस्यकै रुपमा विद्यालयका संस्थापकहरूमध्येबाट एकजना त्यसै गरेर विद्यालयलाई तोकिएवमोजिम रकम, घर वा जग्गा उपलब्ध गराउने चन्दादाताहरूमध्येबाट व्यवस्थापन समितिले मनोनित गरेको एक जना सदस्य र सोही विद्यालयका शिक्षकहरूले आफूहरूमध्येबाट छानी पठाएको एकजना सदस्य रुपमा रहेने छन् भने सदस्य सचिव विद्यालयको प्रधानाध्यापक (नियमावली २०४९ को छैटो संसोधन अनुसार)

माथि उल्लेख गरिएको गठन प्रक्रियामा एक जना महिला सदस्यको स्थान अनिवार्य गरिएको छ। साथै महिलालाई अध्यक्षलगायत अन्य पदमा रहन पनि यो व्यवस्थाले रोकेको पनि पाइदैन। साथै एक वा एकभन्दा वढी वा सवै महिला पदाधिकारी वि.व्य. स.को सदस्य वन्न सक्ने खुल्ला स्थिति रहेको समेत यो गठन प्रक्रियाले देखाउछ। तर अनिवार्य व्यवस्था वाहेकको थप महिला उपस्थिति केही शङकास्पद देखिएको छ। यही शङ्का निवारणको प्रयास यो अनुसन्धानले गर्ने छ।

शिक्षा नियमावाली २०४९ को छैटौं संशोधन (२०६६) समेतमा उल्लेख भएअनुसार विद्यालय व्यवस्थापन समितिका काम कर्तव्य र अधिकारहरू निम्नानुसार तोकिएका छन्: विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने। विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने, विद्यालयको शैक्षिक भौतिक तथा आर्थिक तथ्यांक र विवरण अद्यावधिक गराई राख्ने , विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँ शिक्षा समिति र जिल्ला शिक्षा कार्यालयलाई दिने,विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने , जिल्ला शिक्षा कार्यालयबाट खटिएका

शिक्षकलाई हाजिर गराई  काममा लगाउने, जिल्ला शिक्षा समिति र जिल्ला शिक्षा कार्यालयले दिएको आदेश तथा निर्देशनहरूको पालना गर्ने , आफूले नियुक्त वा बढुवा गरेका शिक्षकको लागि तोकिएबमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने , शिक्षाको गुणस्तर कायम गर्ने सम्वन्धमा शिक्षक अभिभावक संघ गठन गर्ने ।

माथि उल्लिखित काम कर्तव्य र अधिकारहरूलाई अध्ययन गर्दा वि.व्य.स.मा महिलाले पूरा गर्नुपर्ने र पुरुषले पुरा गर्नुपर्ने काम कर्तव्य अलग गरिएको छैन । यसको अर्थ महिला सदस्य र पुरुष सदस्यको जिम्मेवारी समान प्रकारको हुने स्थिति प्रष्ट हुन्छ । यसवाट महिलापदाधिकारी पनि वि.व्य.स.मा कम जिम्मेवार हुनुपर्छ भन्ने देखिँदैन । साथै विद्यालय व्यवस्थापनमा अन्तरिक जिम्मेवारी वहन गर्ने गराउने सवलमा समेत समान स्थितिको अपेक्षा नियमावलीले गरेको पाईन्छ । यस अध्ययनमा उल्लिखित कर्तव्य वा भूमिका निर्वाह गरे नगरेको र आन्तरिक जिम्मेवारी लिने दिने गरे नगरेको र सो जिम्मेवारी पूरा हुने गरे नगरेको सम्वन्धमा खोज गर्ने प्रयास गरिएको छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

व्यवस्थापन सम्वन्धमा धेरै सिद्धान्तहारू प्रतिपादन भएका छन जसले व्यवस्थापन सम्वन्धी ज्ञान र अनुभव प्रदान गर्दछन् । यस अध्ययनकालागि सहयोगी सिद्ध हुन सक्ने केही मूलभूत सिद्धान्तहरूलाई प्रस्तुत गरिएको छ :

**Peter F. Drucker** ले (१९५४) मा प्रतिपादन गरेको सिद्धान्त अनुसार विद्यालयको शैक्षिक उपलब्धिलाई व्यवस्थापन पक्षले पनि प्रत्यक्ष रूपमा असर गरिरहेको हुन्छ । त्यस कारण उद्देश्य निर्धारण गरिए अनुसार व्यवस्थापन गर्न सकेमा मात्र वढी उपलब्धि प्राप्त गर्न सकिन्छ । विद्यालयसँग प्रत्यक्ष सरोकार राख्ने भनेको वि.व्य.स.नै हो यदि वि.व्य स ले सहभागितामूलक ढङ्गले निणर्य गर्न सकेको खण्डमा शैक्षिक उपलब्धि उद्देश्य अनुकूल हाँसिल गर्न सकिन्छ । उद्देश्य अनुसारको शैक्षिक उपलब्धि प्राप्त गर्न विद्यालय व्यवस्थापन देखि लिएर कक्षाकोठा व्यवस्थापन, विद्यालयको भौतिक पक्षको पनि व्यवस्थापन गरिन्छ । शैक्षिक संस्थाको उद्देश्य प्राप्तिका लागि  सस्थाका प्रत्येक तह र तप्काका व्यक्तिको काम कर्तव्य र अधिकार फरक-फरक भए पनि सबैको सामूहिक उद्देश्य सस्थाको उद्देश्यसँगै गाँसिएको हुन्छ भन्ने कुराको आधारमा सबैको सामूहिकताको भावना विकास गर्नु पर्ने कुरामा जोड दिइएको छ ।  यसरी सङ्गठनको कार्यक्षमता बढाउन तथ्य अभिप्रेरणा दिनका लागि व्यवस्थापकले लक्ष्य निर्धारण गर्नुपर्दछ । उद्देश्य पूरा हुनका लागि बाधक तत्वहरु के

के हुन पहिचान गरी ती वाधाहरु हटाउने कार्य गर्ने साथै कामको निर्धारण, व्यक्तिको निर्धारण र समयको निर्धारण समेत गर्नु पर्नेमा जोड दिएका छन् (काफ्ले २०६४ बाट उदृत) ।

**फिड्लर** (१९६७) ले प्रतिपादन गरेको संयोगिक सिद्धान्तअनुसार नेतृत्व आफ्ना गुण र विशेषता र पस्थितिजन्य कारणहरु दुवैको सम्मिश्रणबाट सफल नेता बन्न सक्छ । नेतृत्व लिने व्यक्तिले आफूलाई परिस्थिति अनुसार परिवर्तन गरी परिस्थितिसँग नेतृत्व शैली मिलान गर्नुपर्दछ । यस सिद्धान्तअनुसार कामदारसँगको नजिकको सम्बन्धबाट नेतृत्वलाई प्रभावकारी बनाउन सकिन्छ । यस सिद्धान्तको कारक तत्वको रुपमा व्यवस्थापकको कामदारसँगको सम्बन्ध र कामदारको कार्यान्मुख प्रवृत्तिलाई प्रमुख रुपमा लिइन्छ । फिड्लरले नेतृत्व परिस्थितिमा पदको शक्ति, कार्य संरचना र नेता सदस्य सम्बन्ध गरी तीन तत्वहरुले प्रभाव पार्ने कुरा औंल्याएका छन् (काफ्ले, २०६४ बाट उदृत) ।

टेलर (१८५६) ले प्रतिपादन गरेको वैज्ञानिक व्यवस्थापनको सिद्धान्त अनुसार "वैज्ञानिक व्यवस्थापन भनेको मानिसलाई कुन काम गराउन खोजिएको छ र कुन काम गर्न दिएमा उनीहरुले राम्रो र किफायती ढङ्गले सम्पन्न गर्न सक्छन् भन्ने कुराको सही ढङ्गले जान्ने कला हो" । यस भनाइमा वैज्ञानिक व्यवस्थापनलाई एक कलाको रूप दिन खोजिएको देखिन्छ । यसले कामदारको क्षमता अनुसारको कामको वाँडफाँडको कलालाई प्रदर्शित गरेको छ । यो भनाइसँग मिल्दो जुल्दो गरी व्यवस्थापन सम्वन्धमा अर्का विद्धान John E. Lee शव्दमा यसरी व्यक्त गर्दछन "व्यवस्थापन न्यूनतम प्रयत्नद्वारा अधिकतम नतिजा प्राप्त गर्ने र काम दिने तथा काम गर्नेहरू दुवैलाई अधिकतम सुखी तथा सम्बृद्ध गराउने तथा जनतालाई सम्भव भएसम्म सेवाप्रदान गर्ने एक कला हो" । यस भनाईमा व्यवस्थापनका सवालमा किफायतिलाई पनि उत्तिकै महत्व दिन खोजिएको छ । कम खर्चमा अधिकतम परिणाम निकाल्ने कलाको रूपमा व्यवस्थापनलाई वुझिएको छ । व्यवस्थापनमा उद्देश्य, संगठन, नियुक्तिको कुरालाई महत्व दिँदै अर्का व्यवस्थपनका सिद्धान्तकारको भनाई छ, व्यवस्थापन भनेको उद्देश्यको निर्धारण गर्नु र सो उद्देश्य प्राप्तिकालागि योजना, संगठन, कर्मचारी नियुक्ती, कार्यसम्पादन, मूल्याङ्कन, नियन्त्रण, उत्प्रेरण तथा समन्वय गर्नु र नवप्रवर्तकद्धारा भविष्यका लागि उद्देश्यमा सुधार ल्याईनु हो (कोइराला र श्रेष्ठ २०६२ बाट उदृत) ।

"महिला पुरुषको सहायक" भन्ने विचारको प्रतिवाद र परिवर्तन को सक्रियतालाई नारीवादको रुपमा परिभाषित गरिन्छ । नारीवाद सामाजिक परिवर्तनको

एक लक्ष्य, हो, यो सक्रियताको लागि सूचनाको उद्देश्य हो । नारीवादी आन्दोलन महिलावादी शिद्धान्त, विचार र अभ्यासवाट प्रभावित छ । नारीवादी चिन्तनको प्रारम्भ अमेरिकाली स्वतन्त्रता सङ्ग्राम तथा फ्रान्सेली राज्यक्रान्तिदेखि नै भएको देखिन्छ ।

समाजमा चिरकालदेखि प्रबल रहेको लिङ्गकेन्द्रित पुरुष विचारधाराका साथै पितृसतात्मक धारणा र पुरुषपरक व्याख्याप्रति प्रश्नचिन्ह खडा गर्दै यस वादले पुरुषद्वारा निर्धारित नारीको स्थान तथा परम्परित मूल्य र स्वरुपको विरोध गर्दछ  (शर्मा एण्ड लुइँटेल,२०६१) ।

लिङ्गका आधारमा मानव जातिकै अपमान गर्ने परम्पराको भयावह परिस्थितिको चित्रण गर्दै विश्वविख्यात लेखिका सिमोन द बुवाले द सेकेण्ड सेक्स (१९४९) प्रकासित गरेपछि समकालीन नारीवादी आन्दोलनमा तिव्रता आएको देखिन्छ (बराल,२०५६:८९) । नारीवादी आन्दोलनको यो युगान्तकारी पुस्तकमा उनले समाजमा नारीको स्थिति र भूमिकाबारे प्रश्न उठाँउदै नारीको पहिचानसम्बन्धी विस्तृत समीक्षा गरेकी छन । नारीलाई समाजमा निम्न, अधीनस्थ र दोस्रो दर्जाको नागरिक तुल्याइएको छ र पितृसत्तात्मक समाजमा यसै स्थितिलाई कायम राखी नारीमाथि दमन गरिएको छ भन्ने उनको मुख्य निष्कर्ष रहेको छ ।

बुवाले गरेको प्रयत्न तथा समग्र नारीवादी आन्दोलनवाट समग्रमा नारी र पुरुषका बीच भिन्नता प्रकट हुने पाँचवटा क्षेत्रहरू : शारीरिक-(पुरुष सक्षम र नारी असक्षम ) भिन्नता, अनुभूतिगत( नारीले रजस्वला, गर्भवती आदि अनुभव गर्ने र पुरुषले नगर्ने), भिन्नता, भाषागत(कतिपय शव्द नारीलाई वोल्न विरोधसम्वन्धि) भिन्नता, मनोविश्लेषणात्मक (नारीमा शिश्न ईर्ष्या हुन्छ भन्ने) भिन्नता र सामाजिक-आर्थिक ( नारीको सामाजिक-आर्थिक स्थिति पुरुष नियन्त्रित हुन्छ भन्ने) भिन्नता चर्चा भएको पाइन्छ ।

राजनीतिक रुपमा नारीवादी धारा मार्क्सवादतर्फ ढल्किएको छ । यस धारा अनुसार केट मिलेट, मार्गरेट मिड, मिसेल बारेट आदिको विशिष्ट भूमिका रहेको छ । केट मिलेटले आफ्नो पुस्तक Sexual politics(1969) मा प्रचलित सामाजिक शक्ति र संरचनाका कारण पुरुषले नारीको दोहन गरी उसमाथि आधिपात्य जमाएको छ भन्ने मत व्यक्त गरेकी छिन । उनले पितृसत्तात्मकतालाई नारी दमनको मूल कारण ठह-याई यसको विरोध गरेकी छन् । मिसेल बारेटले गृहस्थीको आर्थिक सङ्ठन, शिक्षा पद्धति, लैङ्गिक पहिचान र यौन तथा

शारिरिक पुनर्रुत्थान सम्वन्ध आदिका सन्दर्भबाट नारी लैङ्गिक अवधारणाको मार्क्सेली विश्लेषण प्रस्तुत गरेकी छन् ।

नारीवादी चिन्तनको विकास तीन चरणमा भएको पाइन्छ । प्रथम चरणमा पितृसत्तात्मकको विरोधको रूपमा यो चिन्तन अगाडि बढेको पाइन्छ । पुरुषले नारीमाथि गर्ने थिचोमिचो , अन्याय, र अत्याचारका वारेमा सजगता र सचेतता फिजाउने काम यस चरणको । प्रथम चरणको यस आन्दोलनको सुरुवात १९ औँ शताव्दीको अन्त्य र २० औँ शताव्दीको सुरु ताका अमेरिका र  यूरोपवाट भएको पाइन्छ । महिलालाई समान पहुँच र समान अवसरको सवालमा सरोकार राख्दै यो आन्दोलन २० औँ शताव्दीमा आएर पश्चिम र पूर्व दुवैतिर फैलिएको पाइन्छ ।

दोस्रो चरणको नारीवादी आन्दोलन २० औँ शताव्दीको ६० –७० का बर्षहरुमा पश्चिमा कल्याणकारी समाजको अवधारणको अभ्युदयसँगै भएको पाइन्छ । दमनमा रहेका कालाजातिको परिभाषा सँगै नारी जागरण पनि वढेको पाइन्छ र १९८० र १९९० को दशकमा नारी सशक्तिकरण तथा विभेदीकरणका मुद्धालाई लिएर नारीवादी आन्दोलन अघि वढेको पाइन्छ ।

तेस्रो वेभ वा तेस्रो चरणको आन्दोलनको रुपमा नारीवादी आन्दोलन १९९० को दशकपछि वाट भएको पाइन्छ । यो आन्दोलनको मक्सत नारी सामाजिक परिवर्तकालागि सक्षम र सक्रिय एजेन्डा वन्न सक्षम छन भन्ने सँग सम्वन्धित छ ।  तेस्रो चरणको यस आन्दोलनलाई अवसरकालागि अधिकतम दृढता र न्यून यौनिकता ( more opportunities and less sexism) को रुपमा परिभाषित गरेका छन ।

## २.३ पुनरावलोकनको उपादेयता

फिड्लरको संयोगी सिद्धान्त अनुसार हरेक कुराको निर्धारण परिस्थिति ले गर्दछ । तसर्थ परिस्थिति अनुसार  नेतृत्व शैलीलाई परिवर्तन गर्ने व्यक्ति नेतृत्व लिन सफल हुन्छ । नेतृत्वको प्रभावकारीता सवैसँगको राम्रो सम्वन्ध र कार्यान्मुख प्रवृत्तिमा निर्भर रहन्छ र यो शोध पत्रमा व्यवस्थापनका पदाधिकारीहरू वीचको सम्वन्ध र तिनीहरूवीचको कार्यशैलीको अध्ययन गर्ने क्रममा यो सिद्धान्त सन्दर्भ स्रोतका रूपमा उपयोग गरिएको छ ।

वैज्ञानिक व्यवस्थपनका पीता F.W .Taylor का अनुसार वैज्ञानिक व्यवस्थापन भनेको मानिसलाई कुन काम गराउन खोजिएको छ र कुन काम गर्न दिएमा उनीहरुले राम्रो

र किफायती ढङ्गले सम्पन्न गर्न सक्छन् भन्ने कुराको सही ढंगले जान्ने कला हो भनिएको छ । यो शोध कार्यमा महिला सदस्यको रुचि, क्षमता र योग्यताको आधारमा जिम्मेवारी दिएको खण्डमा कुनै पनि कार्य किफायती ढङ्गले पूरा गर्न सक्ने भएकाले यो सिद्धान्तलाई स्रोतको रुपमा उपयोग गरिएको छ ।

P.E Druker को सिद्धान्त अनुसार विद्यालय सँग प्रत्यक्ष सरोकार राख्ने भनेको विद्यालय व्यवस्थापन समितिनै हो र यसमा सहभागितामूलक ढंगले निर्णय गर्न सकेको खण्डमा शैक्षिक उपलब्धि उद्देश्य अनुकूल हासिल गर्न सकिने कुरा उल्लेख गरिएको छ । उद्देश्य प्राप्तिका लागि व्यवस्थापनका प्रत्येक तह र तप्काका व्यक्तिको काम, कर्तब्य र अधिकार फरक फरक भए पनि सवैको सामूहिक उद्देश्य सस्थाको उद्देश्यसँग गासिएको हुन्छ भन्ने जस्ता कुरा उल्लेख गरिएको हुन्छ । तसर्थ व्यवस्थापनसँग सम्वन्धित कुरालाई अध्ययनको क्रममा सन्र्दभ स्रोतको रुपमा उपयोग गरिएको छ ।

वस्नेत ले पच्चीस वटा प्राथामिक विद्यालयहरूमा एक-एक जना र पाँचवटा विद्यालयहरूमा दुई- दुई जना महिला सदस्यहरू रहेको तर वि.व्य.स. को अध्यक्ष कुनै विद्यालयमा  नरहेको तथ्य उल्लेख गर्नु भएको छ । महिला सदस्यको सहभागिता दर कम हुनुको कारणहरुमा अभिभावकहरुको पक्षपात व्यवहार, लैगिंक असमानता, आरक्षणको व्यवस्था नहुनु, महिलाले आफ्नो कर्तव्य नबुझ्नु, आफूलाई कमजोर महसुस गर्नु, नेतृत्व लिन नसक्ने जस्ता कुराहरु जस्ता कुराहरुलाई उल्लेख गरिएकोले यो अध्ययनलाई थप जानकारी लिन सहयोग गरेकोले यसलाई स्रोतको रुपमा प्रयोग गरिएको हो ।

सिन्हा ले  लैङ्गिक समानतामा यसको उद्देश्य भनेको महिला शिक्षालाई धान्न सक्ने बनाउने, शिक्षालाइ बढी बालमैत्री बनाउने र शिक्षाको गुणस्तरमा सुधार गर्ने प्रयासहरुलाई अवलम्वन गर्नु पर्ने कुरा उल्लेख गर्दै लैङ्गिक समानताको लागि पहुँच, गुणस्तर र अवसरमा समानता जस्ता दृष्टिकोण हुनुपर्ने जस्ता  विचार प्रस्तुत  गर्नु भएको कारण सहयोग सामग्रीको रुपमा प्रयोग गरिएको हो ।

भट्टराई, ले गरेको अनुसन्धान अनुसार माध्यमिक तहमा महिला शिक्षकको सहभागिता न्यून रहेको उल्लेख छ । सहभागी महिला शिक्षकरू अधिकांश तालिम प्राप्त देखिएका, बिषयगत रुपमा नै शिक्षण भइरहेको भए तापनि सहभागिता नै न्यून देखिनुका पछाडि समाजको लैङ्गिक विभेद, सामाजिक कुसस्कार, योग्यता र प्रतिस्पर्धामा कमी, आर्थिक

अभाव, चेतनाको कमी, प्रभावहीन व्यवस्थापन, सरकारको फितलो नीति नियम, घरायसी कार्यमा व्यस्तता साथै स्व:चेतनाको अभाव जस्ता कुराहरूलाई औँल्याइएको छ जसका कारण मेरो अध्ययनलाई थप जानकारी लिन सहयोग मिल्ने भएकोले यसलाई पनि स्रोत समग्रीका रुपमा उपयोग गरिएकोछ शिक्षा नियमावाली २०४९ को छैटों संसोधन (२०६६) मा उल्लेख गरिएको गठन प्रक्रियामा एक जना महिला सदस्यको कोटा अनिवार्य गरिएको छ । साथै, महिलालाई अध्यक्षलगायत अन्य पदमा रहन भने यो व्यवस्थाले रोकेको पनि पाइदैन । साथै एक वा एकभन्दा वढी वा सवै पदाधिकारी महिला पनि वि.व्य. स.को सदस्य वन्न सक्ने खुल्ला स्थिति रहेको समेत यो गठन प्रक्रियाले देखाउछ । तर अनिवार्य व्यवस्था वाहेकको थप महिला उपस्थिति केही सङ्कास्पद देखिएको छ । यही सङ्का निवारणको प्रयास यो अनुसन्धानले गर्ने भएकोले यसलाई शोध सामग्रीका रुपमा उपयोग गरिएको हो ।

यसरी अध्ययनको सैद्धान्तिक खाका र सम्वन्धित साहित्यको पुनरावलोकनले यस शोधकार्यलाई मार्गनिर्देशन गर्न, उपयुक्त अनुसन्धान ढाँचाको प्रयोग गर्न र पूर्व शोधकार्यमा देखिएका अन्तरको पहिचान गरी उपयूक्त समस्याको छनौट गर्न सहयोग पुचाएको छ ।

# परिच्छेद तीन : अनुसन्धान विधि

यस शोधकार्यलाई वैज्ञानिक व्यवहारिक र वस्तुनिष्ठ बनाउन र छनोट गरिएको शीर्षक अन्तर्गतका उद्देश्यहरु प्रभाकारी ढंगले पूरा गर्नको साथै तथ्याङ्क संकलन र विश्लेषण प्रक्रियालाई व्यवाहारिक, वस्तुनिष्ठ र उपयोगी वनाउन निम्न अनुसारका विधिहरुको अवलम्बन गरी अनुसन्धान कार्यलाई अगाडि वढाइएको छ :

## ३.१ अनुसन्धान ढाँचा

यस अध्ययनमा गुणात्मक र परिणात्मक ढाँचाको प्रयोग गरिएको छ । वस्तुस्थितिलाई बृहत रूपमा अध्ययन विश्लेषण गरिने तथा सम्बन्धित व्यक्ति, अवस्था सँग प्रत्यक्ष सम्पर्क स्थापित हुने र त्यसवाट प्राप्त सूचनालाई विश्लेषण एवं व्याख्याका क्रममा संख्यात्मक रूपमा प्रस्तुत गरिएको छ ।

## ३.२ जनसंङख्या

यस शोधकार्यमा मोरङ जिल्लाको इन्द्रपुर स्रोत केन्द्र अन्तर्गतका सम्पूर्ण सामुदायिक विद्यालयका प्र.अ.हरू, वि.व्य.स.का अध्यक्षहरु, महिला पदाधिकारीहरू, स्रोत शिक्षकलाई जनसंख्याका रुपमा छनोट गरिएको छ ।

## ३.३ नमुनाको आकार र नमुना छनौट विधि

यस अध्ययनमा उद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गरी ५ वटा सामुदायिक विद्यालयहरुका ५ जना प्र.अ.हरु, सोही विद्यालयका व्यवस्थापन समितिका ५ जना अध्यक्षहरु र ५ जना महिला पदाधिकारीहरुलाई नमुनाको रुपमा छनौट गरिएको छ । साथै इनद्रपुर स्रोतकेन्द्रका स्रोत शिक्षक लाई समेत लाई नमुनाको रुपमा छनोट गरिएको छ । जसअनुसार नमुनाको आकारलाई निम्नअनुसार तलको तालिकामा निर्धारण गरिएको छ ।

| क्र. स. | विद्यालयकोनाम | प्र.अ. | वि.व्य.स.का अध्यक्ष | महिला पदाधिकारी | जम्मा |
|---|---|---|---|---|---|
| १. | श्री सुकुना उच्च माध्यमिक विद्यालय | १ | १ | १ | ३ |
| २. | श्री शिक्षा निकेतन मा वि.,मृगौलिया | १ | १ | १ | ३ |
| ३. | श्री महेन्द्र मा.वि., इन्द्रपुर-६, गजपुर | १ | १ | १ | ३ |
| ४ | श्री भगवती उच्च मा.वि. ,वेलवारी | १ | १ | १ | ३ |
| ५. | श्री कसेनी उच्च मा. वि., वेलवारी | १ | १ | १ | ३ |
| ६ | स्रोत शिक्षक (इन्द्रपुर स्रोत केन्द्र) | | | | १ |
| | जम्मा | ५ | ५ | ५ | १६ |

## ३.४ नमुना छनोटका आधार

यस शोधकार्यमा भौगोलिक, समावेशिता, लैङ्गिक आधार, पहुँच, स्रोत साधनको सीमितता, समयको अभाव तथा अन्य विभिन्न समस्याहरुलाई मध्यनजर राखी नमुना छनौट गरिएको छ ।

## ३.५ अनुसन्धानात्मक साधन

यो अध्ययनमा अनुसन्धानात्मक साधनका रुपमा प्रश्नावली, अन्तर्वार्ता प्रश्नावली र सर्भे फारम लाई अनुसन्धान साधनहरूको रुपान प्रयोग गरी तथ्याङ् सङकलन गरिएको छ ।

## ३.६. तथ्याङ्कको स्रोत

यो अध्ययनमा दुवै प्राथमिक र सहायक स्रोतको प्रयोग गरिएको छ । प्राथमिक स्रोतमा प्रश्नावली , भेटघाट र अर्न्तवार्ताको माध्यमवाट तथ्याङ्कक संकलन गरिएको छ भने सहायक स्रोतमा वि. व्य.स को माइनट, व्यवस्थापन सम्वन्धी पुस्तकहरू, पत्रपत्रिका, शोधपत्र, सिद्धान्तकारहरुका सिद्धान्त, प्रतिवेदन आदि रहेका छन् ।

## ३.७. तथ्याङ्क संकलन प्रक्रिया

उद्देश्यमूलक नमुना छनोटमा परेका विद्यालयहरुमा पुगी वि.व्य.स.का अध्यक्ष, महिला पदाधिकारी र विद्यालयका प्र.अ.र स्रोत व्यक्ति सँग आवश्यक प्रश्न र अन्तरवार्ता गरी निम्न प्रक्रियाको अवलम्बन गरी तथ्याङ्क संकलन गरिएको छ ।

### क) प्रश्नावली

विद्यालय व्यवस्थापन समितिमा महिला पदाधिकारीको भूमिका शीर्षकमा गरिएको यस अनुसन्धानमा तथ्याङ्क सङ्कलनकालागि प्र.अ.र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लाई एकै प्रकृतिका खुल्ला प्रश्नावली प्रयोग गरिएका छन् भने स्रोत व्यक्ति लाई सोधिने प्रश्नवली पनि खुल्ला तर केहि फरक प्रकृतिका रहने छन् । यसरी प्रयोग गर्न लागिएका प्रश्नावलीहरूलाई यस शोधपत्रको क्रमशः अनुसूचि-१,२ र ३ मा प्रस्तुत गरिएको छ ।

### ख) अन्तर्वार्ता प्रश्नावली

अन्तर्वार्ता प्रश्नावली मार्फत महिला सदस्यका आन्तरिक विचार चाहना ,धारणा , सोच र अभिव्यक्ति रुचिको क्षेत्र, र सामाजिक अवस्थालाई अनुसन्धानको लागि आवश्यक जानकारी लिने कार्य गरिएको छ । यस अनुसन्धानमा वि.व्य.स.का महिला पदाधिकारीलाई सोहि प्रश्नावलीको माध्यमले आवस्यक अन्तर्वार्ता गरिएको छ । यस कार्यकालागि तयार गरिएको अन्तर्वार्ता प्रश्नावली अनुसुची-२ मा प्रस्तुत गरिएको छ ।

### ग) सर्भे फारम

यस शोधकार्यमा भएका उद्देश्यहरु पूरा गर्नका लागि आवश्यक तथ्यपरक जानकारीका लागि सर्भे फारमको पनि प्रयोग गरिएको छ जुन यस प्रस्तावनाको अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

## ३.८. तथ्याङ्क विश्लेषण प्रक्रिया

यस अध्ययनमा सङ्कलित तथ्याङ्को तालिका, चार्ट को प्रयोगवाट विश्लेषण गरी प्राप्तिलाई उद्देश्यअनुरुप बुँदागत रुपमा प्रस्तुत गरिएको छ । सङ्ख्यात्मक र गुणात्मक सूचनालाई परिमाणात्मक र गुणात्मक दुवै विधिवाट व्याख्या विश्लेषण गरिएको छ ।

# परिच्छेद चार : तथ्याङकको विश्लेषण र व्याख्या

विद्यालय सञ्चालनको लागि स्थानीय प्रशासनिक निकायको रुपमा विद्यालय व्यवस्थापन समिति रहेको हुन्छ। विद्यालयको सफलता र असफलताका लागि यो निकायलाई अत्यन्त जिम्मेवार निकायका रुपमा लिन सकिन्छ किनकि यसले गरेका निर्णयहरू सिधै कार्यान्वयनमा जाने हुन्छन्। त्यसैले पनि यो निकाय विद्यालयका कामहरूका लागि अति निकट रहेको कुरा स्प्रष्ट हुन्छ। समावेशी अवधारणा अनुसार शिक्षा नियमावलीले निर्धारण गरे अनुरुप लिङ्गिय उपस्थितिमा न्यूनतम एकजना महिला अनिवार्य निर्धारण गरिएवाट वि.व्य.स.मा महिला अनिवार्य सदस्यका रुपमा हुन्छन। पुरुषको उपस्थितिलाई अनिवार्य नगरिएको भएता पनि यो समितिमा पुरुष एवं महिला समावेश हुन्छन र हुन आवश्यक पनि देखिन्छ। यस अनुरुप गठित वि.व्य.स.मा महिलाको भूमिका कस्तो र कतिको प्रभावकारी देखिन्छ भन्ने प्रश्नमा रही यो अनुसन्धान लाई अगाडि बढाइएको हो। यो अनुसन्धानका लागि मोरङ जिल्लाको इन्द्रपुर स्रोत केन्द्रलाई आधार मानी यही स्रोत केन्द्र अन्तर्गतका पाँचवटा विद्यालयका प्र.अ., वि.व्य.स.अध्यक्ष, सोही विद्यालयका वि.व्य.स.का महिला सदस्य र स्रोत शिक्षक समेतलाई सोधिने प्रश्नावली, अन्तवार्ता प्रश्नावली एवं सर्भे फाराम तयार गरी उल्लिखित व्यक्तित्वहरू सँग भेट गरी सङकलन गरिएको तथ्याङकको आधारमा निन्नानुसार विश्लेषण गरिएको छ।

## ४.१. विद्यालय व्यवस्थापन समितिमा महिलाको प्रतिनिधित्व

अनुसन्धानकालागि तयार गरिएको अनुसूची ३.को सर्भे फाराम अनुसार र विद्यालय व्यवस्थापन समितिका. अध्यक्ष ,सदस्य सचिव-प्रध्यनाध्यापक र महिला सदस्य स्वयंलाई सोधिएका प्रश्नानुसार हाल विद्यालय व्यवस्थापन समितिमा महिलाको प्रतिनिधित्वको अवस्था निम्नानुसार पाइयो :

तालिका एक : महिला प्रतिनिधित्वको अवस्था

| क्र.स. | विद्यालय | महिला सदस्य सङ्ख्या | पद | प्रतिनिधित्व प्रकृया |
|---|---|---|---|---|
| १ | श्री सुकुना उच्च मा.वि. इन्द्रपुर | १ | सदस्य | सर्वसम्मत/सहमतिवाट |
| २ | श्रीभगवती उच्च मा.वि., वेलवारी | १ | सदस्य | निर्वाचनवाट |
| ३ | श्री कसेनी उच्च मा. वि. वेलवारी | १ | सदस्य | सर्वसम्मत/सहमतिवाट |
| ४ | श्री शिक्षा निकेतन मा.वि. मृर्गौलिया | २ | सदस्य, सदस्य सचिव | सर्वसम्मति/सहमतिवाट |
| ५ | श्री महेन्द्र मा.वि., इन्द्रपुर | १ | सदस्य | निर्वाचनवाट |

*स्रोत:: स्थलगत भ्रमण*

यस अध्ययन क्षेत्रका विद्यालयका व्यवस्थापनका आँकडा अनुसार अधिकांश समितिहरूमा महिला प्रतिनिधित्वको सङ्ख्या एक मात्र भएको पाइएको छ। तर प्र.अ. नै महिला रहेको विद्यालयमा भने प्र.अ. समेतलाई गणना गर्दा वि.व्य.स.मा महिला प्रतिनिधित्वको अवस्थामा वृद्धि हुन गएको देखिएको छ।

वस्नेत (२०६३) ले गर्नु भएको शोधमा अध्ययन क्षेत्रमा रहेका पच्चीस वटा प्राथमिक विद्यालयहरुमा एक-एक जना र पाँचवटा विद्यालयहरुमा दुई- दुई जना महिला सदस्यहरु रहेको तर वि.व्य.स. को अध्यक्ष कुनै विद्यालयमा नरहेको तथ्य उल्लेख गर्नु भए झैं यस अुनसन्धान क्षेत्रमा परेका कुनै पनि विद्यालयमा वि.व्य.स.को अध्यक्षका महिला प्रत्यासी समेत नवनेको अवस्था देखिएको छ त्यसैले अध्यक्षको स्थानमा कुनै पनि महिला रहेका छैनन। अध्यक्षका लागि महिला प्रत्यासी वन्न समेत इच्छुक नभएको वा महिला अध्यक्षमा प्रत्यासी हुन पाइने कुरा समेतको जानकारी महिला सदस्यलाई नभएको अवस्था समेत पाइएको छ जुन कुरा महिला सदस्य लाई सोधिएको प्रश्नावलीको उत्तरवाट थाहा भएको हो। यसै सम्वन्धमा महिला सदस्यलाई *"तपाई वि.व्य. स.को अध्यक्ष हुन नचाहानु*

*भएको हो वा के कुराले वाधा पुचाएको होला ?"* भनी राखिएको प्रश्नावलीको उत्तरलाई तलको तालिकामा प्रस्तुत गरी  विश्लेषण गरिएको छः :

तालिका दुई : महिला सदस्यको प्रतिक्रिया

| प्रश्न | उत्तरहरू |
|---|---|
| तपाई वि.व्य. स.को अध्यक्ष हुन नचाहानु भएकोहो वा के कुरालेवाधा पुचाएको होला ? | पढेको छैन, जिम्मेवारी लिन सकिन्छ जस्तो लागेको छैन, घरको कामले पनि फुर्सद हुदैन । |
| | अध्यक्षमा पनि उठ्न पाइन्छ भन्ने थाहा नै थिएन । |
| | मलाई सदस्यमा त अर्को उम्मेदवारी दिने मान्छे उनुपस्थिति भए पछि म सदस्य वन्दिन भन्दा भन्दै अरुले जवरजस्ती राखे । केही थाहा छैन । |
| | अध्यक्ष हुन मन लागेको थियो तर समयको अभाव,जानकारीको अभाव पनि भयो । |
| | अध्यक्षमा उठन पाइन्छ भन्ने थाहा थिएन । |

स्रोतः स्थलगत अध्ययन

उल्लिखित उत्तरहरुको आधारमा के भन्न सकिन्छ भने कतिपय महिलालाई सदस्यको रुपमा समेत वाध्यात्मक रुपमा राखिने गरेको वा सहमतिको प्रक्रिया अरुले मिलाइदिने गरेकाले महिला सदस्य आफ्नो प्रतिनिधित्व प्रति नै स्पष्ट रुपमा जानकार नभएको देखिन्छ । प्रत्यक्ष कुराकानीका प्रक्रियामा समेत यो कुराको झलक देखिन्थ्यो । वाहिर राजनीतिक रुपमा भागवण्डा मिलाई कसलाई सदस्य वनाउने भन्ने सरसल्लाह गरी मिलाइने गरेको थाहा भएको छ । आफ्नो जिम्मेवारीका सवालमा स्वयं महिला नै अनभिज्ञ रहने गरेको समेत थाहा भएको छ । धेरै महिलाले त वि.व्य.स.मा कति जना महिला प्रतिनिधि छन् भन्ने स्पष्ट थाहा नपाएको अवस्था समेत देखिएको छ । साथै, शि.अ.स.का महिलालाई समेत वि.व्य.स.को सदस्य ठानेको अवस्था पनि अन्तवार्ताका क्रममा पाइएको छ । यसवाट महिलाको स्वतस्फुर्त प्रतिनिधित्वमा समेत शङ्का गर्न सकिने ठाँउ देखिन्छ । अध्यक्षको प्रत्यासी हुन समेत उहाँहरू केही पछि हटेको कारण अध्यक्ष पदमा पुरुषका लागि मैदान खुल्ला रहेको देखिन्छ । तर अध्यक्षको प्रत्यासी हुन चाहे पनि प्रत्यासी बन्न नै जानकारी नभएको समेत पाइयो । यस वाट महिला कम सुसूचित भएको अवस्था पनि देखिन्छ ।  केही महिलाहरुले आफ्नो अशिक्षा, सामाजिक र घरायसी समस्यालाई प्रकट गर्दै अध्यक्ष पदका लागि तयार हुन नसकेको कुरा उल्लेख गर्नु भएको छ जसवाट नमुना

छनोटमा परेका माध्यमिक विद्यालयका वि.व्य.स.मा महिला अध्यक्ष नरहेको देखिन आएको छ। महिला प्रतिनिधित्वकै अवस्थाको अर्को पक्षलाई हेर्दा वि.व्य.स. मा महिला दुवै तरिका ( चुनावी र सहमतीय ) वाट आएको पाइन्छ। माथिको तालिकाका आधारमा भन्ने हो भने वि.व्य.स.मा ६०% महिला सदस्य सर्वसम्मत रुपमा उपस्थित भएको देखिन्छ तर जुनसुकै तरिकावाट प्रतिनिधित्व भएको भएता पनि नियमावलीले अनिवार्य रुपमा तोकेको सङ्ख्या भन्दा महिला प्रतिनिधित्व वढ्न सकेको देखिदैन। शिक्षा नियमावलीमा तीन जना अभिभावकहरु मध्येबाट एक जना महिला सदस्यको कोटा अनिवार्य गरिदिएको छ तर अरु अध्यक्ष र सदस्यका लागि भने खुल्ला गरिएको अवस्थामा जवरजस्ती पूरा गरिएको मात्र पाइयो। यो महिलाको एकल प्रतिनिधित्वको वर्तमान अवस्थाले महिला प्रतिनिधित्वको सकारात्मक मूल्याङ्कन भएको पाइएन।

### ४.१.१ वर्तमान वि.व्य.स.मा महिलाको प्रतिनिधित्वप्रतिको धारणा

वि.व्य.स.मा वर्तमान महिला प्रतिनिधित्वप्रतिको धारणा वुझ्नका लागि तयार गरिएका प्रश्नहरूको उत्तर दिने सहभागीहरू वि.व्य.स.का. अध्यक्ष, प्र.अ, स्रोत व्यक्ति र महिला सदस्यवाट वर्तमान प्रतिनिधित्वको अवस्थाप्रति पनि सन्तुष्ट नभएको पाइयो। उहाँहरू एकमात्र महिलासदस्य प्रतिनिधित्वको अवस्थाप्रति सहमत हुनु हुन्न र यो अवस्थाको परिवर्तनको पक्षमा हुनुहुन्छ। महिला सदस्य आफै पनि वि.व्य.स.मा एक मात्र सदस्य भएको कारण वैठकमा आफ्ना कुरा सहजतापूर्वक राख्न नसकेको कुरा महसुस गर्नुहुन्छ। कतिपय अवस्थामा महिला सदस्यले वि.व्य.स.को वैठकमा अर्को महिला साथी समेत लाने गरेको पाइएको छ। यसलाई अन्यथा नवुझ्ने हो भने यसलाई वर्तमान वि.व्य.स.मा हुने गरेको प्रतिनिधित्वको अवस्थाको ठूलो समस्या र व्यङ्ग्य समेत मान्न सकिन्छ। यसले एक्लो महिला प्रतिनिधित्वको समस्यालाई उजागर गरिदिएको छ। तथ्याङक सङ्कलनका क्रममा कुनै पनि सहभागीले यो अवस्थालाई समर्थन गर्नु भएको छैन।

## ४.२. महिला सदस्यको निर्णाय प्रक्रियामा भूमिका

निर्णय प्रकियामा महिलाको सक्रियतालाई वुझ्नका लागि महिला सदस्यले वैठकमा उठाउने नयाँ एजेण्डा, महिलाले प्रस्तुत गर्ने गरेका महिला विशेष प्रस्ताव र निर्णयमा महिलाले राख्ने सहमती -असहमतीका विषयमा, उनको छलफलमा सहभागिताको अवस्था, महिलाको विशेष पहलमा भएका वि.व्य.स.का वैठक र उनले राख्ने तर्क सम्वन्धी प्रश्नहरू

राखिएको थिए। त्यसवाट प्राप्त भएका जानकारीलाई तलको तालिकामा राखी विश्लेषण गरिएको छ।

तालिका तीन : महिला सदस्यको निर्णय प्रक्रियामा भूमिका

| क.स. | प्रश्नहरु | महिलाका उत्तररू | अध्यक्षका उत्तरहरू | प्रअका उत्तरहरु |
|---|---|---|---|---|
| १ | वैठकमा असहमति राखेको | ×××× × | ××××× | ××××× |
| २ | महिलाले कहिल्यै नयाँ एजेण्डा प्रस्तुत गरेको | ××××× | ××××× | ××××√ |
| ३ | महिला सदस्यको विशेष पहलमा भएका वैठक | ××××× | ××××× | ××××× |
| ४ | महिला विशेषमा छलफल गर्ने गरिएका सवाल | ××××√ | ××××× | ××××× |
| ५ | महिलाको छलफलमा सहभागिता | | √√√√√ | √√√√√ |

स्रोत: स्थलगत अध्ययन

माथिको तालिका अनुसार महिला सदस्यले हालसम्म कुनैपनि वैठकमा असहमती राखेको पाइएन। यस वाट के कुरा थाहा हुन हुन्छ भने कि त सवै वैठकमा असहमत हुने कुनै सवालनै हुँदै हुँदैनन् वा महिलालाई कुनै कुरामा असमति नै राख्न आउदैन। त्यसै गरेर महिला सदस्यले प्रायजसो सवै विद्यालयमा कहिल्यै वैठकमा स्पष्ट रुपमा आफ्नो तर्फवाट एजेण्डा प्रस्तुत नगरेको समेत वुझ्न सकिन्छ। अध्ययन क्षेत्रका एकमात्र प्र.अ.ले आफ्नो वि.व्य.स.मा महिलाले एक पटक मात्र नयाँ एजेण्डा प्रस्तुत गरेको वताउनु हुन्छ भने अध्यक्ष र महिला सदस्य यो कुरामा सहमत हुनुहुन्न। यसमा त्यति विश्वास लिन सकिने अवस्था नरहेको कुरा उपरोक्त विवरणका आधारमा थाहा पाउन सकिन्छ। त्यसैगरी महिला सदस्यको विशेष अनुरोधमा पनि कुनै विद्यालयहरूमा वैठकहरू सञ्चालन भएका उदाहरण पाउन सकिएन। यस अतिरिक्त महिला सदस्यको उपस्थितिले महिलाका (छात्रा, महिला शिक्षक) सवाल खासै उठाउन, छलफलका विषयवस्तु वनाउन सकेको देखिएको

छैन । महिला सदस्यहरूमा एक सदस्यले एकपटक यस प्रकारको कुरा उठाएको दावी गर्नु भएको छ तर यो कुरा सम्वन्धित विद्यालयका प्र.अ. र वि.व्य.स.अध्यक्षका जानकारीवाट भने पुष्टि हुन सकेन ।

वि.व्य.स. अध्यक्षले र प्र.अ.ले दिनु भएको जानकारीमा महिलाको छलफलमा सहाभागिता भने ठिकै देखिएको छ । यसले महिला राम्रोसँग छलफलमा भाग लिएको देखिन्छ तर अघिल्ला प्रश्नका जानकारीसँग यी जानकारी केही हदसम्म विरोधाभाष समेत देखिन्छन् । यी कुरावाट भावनात्मक रुपमा प्र.अ.तथा वि.व्य.स.अध्यक्ष महिलाको सहभागितामा नकारात्मक जानकारी उल्लेख गर्न नचाहेको आभास पाउन सकिन्छ ।

यसवाट के देखिन्छ भने महिला सदस्य को भूमिका निर्णय प्रक्रियामा प्रायः निष्क्रिय रहेको छ र माथिको विवरणको आधारमा महिला सदस्यले वैठकमा उपस्थित हुने र कोरम पुचाउने काममा मात्र जिम्मेवारी पूरा गरेको देखिन्छ । महिलाको सक्रियताका सवालमा प्र.अ, वि.व्य.स. अध्यक्ष र श्रोत शिक्षकका अनुभवहरू वुझ्न निम्न प्रश्नहरु गरिएका थिए ।

१. वि.व्य.स.को वैठकमा पुरुष र महिला सदस्यमा को बढी सक्रिय सहभागी भएको पाउनु भएको छ ?

२. प्रस्तावित एजेण्डाहरूमा छलफल चलेको वेला महिला पदाधिकारीको प्रस्तुति र एजेण्डा माथिको छलफलमा उहाको सहभागिताको  कसरी मूल्याङ्कन गर्नु हुन्छ ?

उक्त प्रश्नहरूमा पहिलो सवालको उत्तरमा सवैजसो प्रअहरूको र अध्यक्षहरूको अनुभव समान पाइयो । उहाँहरूका अनुसार सक्रियताका हिसावमा महिलाभन्दा पुरुष बढी सक्रिय पाइए । यसै सवालमा एकजना प्र.अ.को मत असमान रहेको छ । जसअनुसार दुवैको सक्रियता

वरावर देखियो तर समग्रतामा जवाफहरूलाई आधार मान्दा प्राय सवै  प्र.अ. र अध्यक्षहरूका अनुभवमा वि.व्य.स. मा महिला भन्दा पुरुष नै सक्रिय र निर्णायक देखिएका छन् ।

दोस्रो प्रश्नावलीको उत्तरमा वि.व्य.स.अध्यक्ष एवं प्रअहरूले गरेको महिला सदस्यको सक्रियताको मूल्याङकन असमानता पाइएको छ । अधिकांश अध्यक्षले महिला सक्रियताको सकारात्मक मूल्याङकन गर्नु भएको छ । छलफलमा सक्रिय

भएर सहभागी भएको, सामान्य रुपमा सक्रिय भएको, मनमा लागेको कुरा राख्नु हुने गरेको , ठीकै रुपमा सहभागी हुनुभएको जस्ता शव्दहरूले मूल्याङकन गर्नु भएको छ । तर कतिपय प्र.अ. तथा अध्यक्षका मूल्याङकनमा महिला सदस्यले चुपचाप समर्थन गर्ने, कोरम पुचाउने काम मात्र गर्ने र महिला सकियतामा कमी जस्ता मूल्याङकनका विवरणहरू प्राप्त भएका छन् ।

यसै सवालमा स्रोत शिक्षकलाई सोधिएको प्रश्न “तपाईँ उपस्थित रहनु भएको विद्यालयका व्यवस्थापन समितिका वैठकहरूमा महिलाको कतिको सक्रिय भूमिका अवलोकन गर्ने अवसर पाउनु भएको छ ?” को जवाफमा महिला सदस्यको सक्रियता देख्न नसकिएको, अरुले गरेको निर्णयमा सही गर्ने गरेको र घर जान हतार गर्ने गरेको अवस्था देखेको जानकारी प्राप्त भएको छ । यसवाट महिलाको सक्रियताका सवालमा पर्याप्त समर्थन प्राप्त भएको देखिएको छैन । यसर्थ, यी सम्पूर्ण जानकारीहरूलाई समग्रमा लेखाजोखा गर्दा महिलाको सक्रियताका सवालमा मिश्रित प्रकृतिको तर महिलाका अपेक्षाकृत कम सकृयता पाइएको छ । त्यस्तै, तुलनात्मक रुपमा महिलाहरू पुरुषभन्दा कम सक्रिय भएको भन्ने मूल्याङन रहेको पाइएको छ ।

### ४.२.१.वैठकमा महिला सदस्यको उपस्थिति

वि.व्य.स.मा महिलाको सहभागिताको एउटा महत्वपूर्ण पक्ष उनले विद्यालयका वैठकहरुमा हुने उपस्थिति पनि हो । महिला सदस्यको यो पक्षको जानकारी लिनका लागि सर्भे फारमका माध्यमवाट वि.व्य.स.का हालसम्मका वैठक हरुको सङख्या र महिला उपस्थित भएको र नभएका वैठक सङख्या संकलन गरिएको थियो जसको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ

तालिका चार :वैठकको विवरण

| विद्यालयको नाम | वि.व्य.स.को वैठक सङख्या | महिला सदस्य उपस्थित भएको वैठक सङख्या | महिला सदस्य अनुपस्थित भएको वैठक सङख्या |
|---|---|---|---|
| श्री सुकुना उच्च मा.वि.,इन्द्रपुर | १७ | १० | ७ |
| श्री भगवती उच्च मा.वि.,वेलवारी | १० | ९ | १ |
| श्री कसेनी उच्च मा. वि,वेलवारी | २७ | १० | १७ |
| श्री शिक्षा निकेतन मा.वि.,मृगौलिया | ३५ | ३४ | १ |
| श्री महेन्द्र मा.वि., इन्द्रपुर | ५४ | ४९ | ५ |
| जम्मा | १४३ | ११२ | ३१ |

स्रोत:वि.व्य.स.को माइनट

विद्यालय व्यवस्थापन समितिका वैठकहरूमा महिला सदस्यको उपस्थितिको अवस्थालाई हेर्दा विद्यालयगत रुपमा फरक -फरक पाइएको छ। कतिपय विद्यालका महिला सदस्य अत्यन्त नियमित रुपमा वैठकमा उपस्थित भएको देखिन्छ माथिको तालिका वाट नै प्रष्ट हुन्छ कि कुनै वि.व्य.स.को जम्मा ३५ वैठकहरुमा ३४ वैठकमा महिलाको उपस्थिति देखिएको छ यसलाई अत्यधिक मात्रम महिलाको उपस्थिति मान्न सकिन्छ भने कुनै विद्यालयको वि.व्य.स.को जम्मा २७ वैठकहरुमा १० वैठकमा मात्र महिलाको उपस्थिति देखिएको छ यसलाई अति न्यून मात्रमा वैठकमा उपस्थित हुने गरेका मान्न सकिन्छ। पाँचवटा विद्यालयका जम्मा वैठक सङख्या १४३ मा महिलाको उपस्थिति ११२ वैठकमा देखिएको छ जसलाई नकारात्क रुपमा लिन सकिँदैन। तर यतिका उपस्थितिका वावजुद पनि अपेक्षाकृत रुपमा महिला सदस्य उपस्थित भएको भन्न सकिने अवस्था भने देखिँदैन।

### ४.२.२ विद्यालय व्यवस्थापन समितिमा महिला सदस्यलाई दिइएको भूमिका

विद्यालयका विभिन्न कार्यहरू सम्पादन गर्नका लागि वि.व्य.स.का पदाधिकारीहरूले कामको वाँडफाँड गरी आफ्ना जिम्मेवारीहरूलाई निर्वाह गर्ने गरेका हुन्छन्। विभिन्न प्रयोजनका लागि समिति र उपसमितिहरू निर्माण गरी कार्य सम्पादन गर्ने सिलसिलामा

महिला पदाधिकारीलाई कुन र कस्तो प्रकारका जिम्मेवारी दिने गरिएको छ भन्ने कुरा वुभ्ने अभिप्राय पनि यस अनुसन्धानको एक प्रश्न भएकाले र यस आधारमा पनि महिला सदस्यको भूमिका बुझ्न सकिने ठानी गरिएको प्रश्न र प्राप्त जानकारी अनुसार महिलालाई धेरैजसो विद्यालयहरूमा यस्ता समितिहरूमा राखी सामूहिक जिम्मेवारी पूरा गर्ने प्रकारले उपसमितका सदस्यको रुपमा जिम्मेवारी दिइएको पाइयो र सामूहिक रुपमा नै जिम्मेवारी बहन समेत गरेको थाहा भएको छ । तर कुनै पनि विद्यलयमा कामको संयोजन गर्ने गरी र एकल जिम्मेवारी भने दिइएको पाईएन, विद्यालयमा कुनै पनि समिति वा उपसमितिमा सहभागितानै नगराउने गरेको पाइयो । यसमा महिला सदस्यको कुनै गुनासो समेत पाइएन । बस्नेत (२०६३) ले गरेको शोधमा महिलाको सहभागिता दर कम हुनुको कारणहरुमा अभिभावहरुको पक्षपात पूर्ण व्यवहार, लैगिंक असमानता,आरक्षणको व्यवस्था नहुनु, महिलाले आप्नो कर्तव्य नबुझ्नु, आफूलाई कमजोर महसुस गर्नु भने झै मनोवैज्ञानिक रुपमा नै महिलालाई कमजोर ठानेर वोझिलो वा बढी जिम्मेवार वहन गर्नका लाीग वि.व्य.स.ले नै कन्जुस्याइँ गरिरहेको र महिला स्वयं पनि जिम्मेवारीका लागि अग्रसर नभएको अवस्था देखिएको छ ।

## ४.३. महिला सदस्यहरूको सक्रिय सहभागीतालाई प्रभाव पार्ने तत्वहरू

विद्यालयका कार्यहरूमा सहभागी हुन वा सहभागी भएर पनि सकिय रहनकालाीग महिला वा पुरुष सबै सदस्यहरूलाई विभिन्न तत्वहरूले प्रभावित गरिरहेको हुन्छ । ती तत्वहरूको पहिचान गर्न र निरुपण समेत गर्न सकेका खण्डमा विद्यालयको व्यवस्थापनमा पनि सुधार हुने अवधारणाका साथ गरिएको यो अनुसन्धान मुलतः महिलाका लागि वाधक तत्वहरूको पहिचान तर्फ केन्द्रित छ । यस सम्वन्धमा विद्यालयका प्र.अ., वि.व्य.स. अध्यक्ष र महिला सदस्यहरुलाई गरिएका प्रश्नहरूवाट लिइएका महिला सदस्यलाई सकृय रहनकालागि देखिएका वाधक तत्वहरूलाई उहाहरूकै भनाईलाई तलको तालिकामा उतारी विश्लेषण गरिएको छ ।

तालिका पाँच : महिला, प्र.अ.,वि.व्य.स.अध्यक्ष, स्रोत शिक्षकका प्रतिक्रिया

| महिलाका भनाई | प्र.अ.का भनाई | अध्यक्षका भनाई | स्रोत शिक्षकका भनाई |
|---|---|---|---|
| एक्लो उपस्थिति, ज्ञानको अभाव,शिक्षाको कमी, असक्तता, अरुका कुरालेआफू कमजोर जस्तो लाग्ने, पारिवारिक कारण,अरुका कुरा ठीकलाग्ने र आफूले वोल्न खोजेको कुरा अरुलेनै वोल्ने, आफ्नैकारण वाधक, घरायसीकाम काम, | वि. व्य. स. मा महिलाको संख्या कमी हुनु हो । राजनीतिक दल । सामाजिक परिवेश ,स्वयं महिला आफैं, शिक्षा ऐन नियममा भएको व्यवस्था,पुरुष प्रधान समाज , परम्परावादी सोच , आत्मा हीनता,दृढ र साहसी भावना को अभाव | महिलालाई समाज ले हेर्ने दृष्टिकोण तथा व्यवहार, शिक्षा नियमावली नै बाधक वा पुरुष प्रधान समाज भएकोल, समाजको नीति ,वा सामाजि क अवस्था शैक्षिक , सामाजिक र आर्थिक तत्व , घरायसी काम । | आफ्नो संख्या , दायित्वबोध नहुनु , महत्व र भूमिका प्रतिको असचेतना वा भनौं वेवास्था आदिले प्रभाव पारेको छ । |

स्रोतः स्थलगत अध्ययन

माथिको तालिकामा उल्लिखित विवरणलाई अध्ययन गर्दा वि.व्य.स.मा महिलाको सक्रियतामा प्रभाव पार्ने तत्वहरूमा महिलाको एक्लो उपस्थिति वा वि.व्य.स.मा महिलाको सख्यात्मक उपस्थिति कम हुनु, शिक्षा नियमावलीमा गरिएको व्यवस्था नै वाधक हुनु , महिला पदाधिकारीमा शिक्षाको कमी हुनु , महिला आफैले दृढ विस्वासका साथ अगाडि वढ्ने क्षमता राख्न नसक्नु, उनीमा उत्तरदायित्व वोधको कमि हुनु , पुरुषवादी सोच हावी हुनु, घरपरिवारको सहयोगको कमि हुनु जस्ता कारण महिला सदस्य सक्रिय रुपमा रहन नसकेको देखिन्छ रेग्मी (२०६१) । ले महिलाको सक्रिय सहभागिता न्यून हुने कारक तत्वहरूको रुपमा अशिक्षा, गरिवी, चेतनाको कमी, परम्परागत सोचाई, महिला सशक्तीकरण

र लौङिगक असमानता सम्वन्धी विविध कार्यक्रम संचालनकोअभाव र भेदभाव जस्ता कुरा रहेको निष्कर्ष निकाल्नु भए जस्तै यी माथिका कुराहरुमा ध्यान पुचाउन सके महिला सक्रियता बढाउन सकिन्छ

## ४.३.१ महिला सदस्यको व्यक्तिगत अवस्था

महिला सदस्यले विगतमा गरेका कामको जानकारी, उनका रूचिका क्षेत्र, लेख रचना, कुनै प्रकारका तालिम ,गोष्ठी सेमिनार आदिमा भाग लिए नलिएको, शिक्षा र उनका पेशाले पनि सक्रियतालाई प्रभाव पार्ने हुनाले सर्भे फारम मार्फत उनीहरूबाट विवरण संकलन गरिएको थियो र उक्त प्रकियावाट प्राप्त जानकारीलाई तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएका

तालिका छ : महिला सदस्यको व्यक्तिगत विवरण

| सर्भे फारमले महिला सदस्यको वारेका मागेको विवरण | श्री सुकुना उ.मा.वि इन्द्रपुर-३ | श्री महेन्द्र मा.वि.इन्द्रपुर ६ | श्री कसेनी उ.मा.वि वेलबारी ८ | श्री भगवली उ.मा.वि. बेलबारी | श्री शिक्षानिकेतन मा.वि मृगौलिया५सल कपूर |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | साक्षर | साक्षर | साक्षर | SLC | साक्षर |
| महिला सदस्यको पेशा | खेती | खेती | खेती | व्यापार | सिलाइ बुनाइ |
| सामाजिक जिम्मेवारीको अवस्था | महिला स्वयम् सेविका | सहकारी सस्थाको सदस्य | छैन | सहकारी सस्थाको कोषाध्यक्ष | छैन |
| राजनीतिक जिम्मेवारीको अवस्था | छैन | छैन | छैन | छैन | छैन |
| विगतमा कुनै जिम्मेवारी लिएको | छैन | छैन | छैन | छैन | वन समिति सदस्य |
| कुनै प्रकारको तालिम गोष्ठी सेमिनार आदिमा सहभागी भएको | स्वमंसेविकाक ो तालिम | छैन | छैन | लिएको | छैन |
| कविता, लेख र रचना ( प्रकासित वा अप्रकासित) | छैन | छैन | अप्रकाशि त | कविता अप्रकासित कृति | छैन |
| रुचिको क्षेत्र | गाईपालन | खसै छैन | सीप | शैक्षिक | सीपमूलक |

वि.व्य.स.का महिला सदस्य वाट प्राप्त व्यक्तिगत विवरण तालिकामा प्रस्तुत गरिएअनुसार अध्ययन क्षेत्रमा रहेका अधिकांश महिला सदस्यको शैक्षिक योग्यता साक्षर रहेको पाइएको छ । एक जना मात्र महिला सदस्यले SLC पास गरेको पाइयो । विद्यालयको व्यवस्थापनमा निरक्षर महिलाको उपस्थिति नभएको तर शिक्षित महिलाले प्राथमिकता पाएको देखिएन । हाल विद्यालयमा सदस्य रहने महिला विगतमा राजनीतिक र सामाजिक जिम्मेवारी थोरै (पाच जनामा एक जना) लिएको पाइयो साथै अधिल्लो जिम्मेवारी लिएका महिलामा पनि एकल जिम्मेवारी नभई समुहमा जिम्मेवारी पूरा गर्ने गरेको मात्र पाइयो । अधिकांश महिलाको पेशा खेती रहेको र एक जना मात्र महिलाको पेशा व्यपार-व्यावसाय रहेको, महिला सदस्यले थोरैले मात्र लेख्ने गरेका तर कुनै पनि प्रकारका लेख -रचना प्रकासित नभएको, पदाधिकारी महिलाको रुचिको क्षेत्र सीपमूलक तालिम सिक्ने, कुनै पदाधिकारीलाई आफ्नो रुचिको क्षेत्रपनि स्पष्ट नभएको पाइयो । एक जना महिला सदस्यको मात्र शैक्षिक क्षेत्रमा काम गर्ने अभिरुचि पाइयो र बाकी महिला सदस्यको रुचिको क्षेत्र अन्यत्र नै रहेको भेटियो जसमा गाईपालन गर्ने , सीपमुलक काम सिक्ने आदि रहेका छन् । अतः यस अनुसन्धानवाट प्राप्त जानकारी F.W.Taylor को वैज्ञानिक व्यवस्थापनको सिद्धान्तअनुसार मानिसलाई कुन काम गराउन खोजिएको छ र कुन काम गर्न दिएमा उनीहरुले राम्रो र किफायती ढंगले काम सम्पन्न गर्न सक्छन् भन्ने अवधारणासँग मेल भएको पाइएन किनकि वि.व्य.स.मा प्रतिनिधित्व गर्ने महिलाका रुचि वि.व्य.स.मा गरिने कार्यसँग मिलेको अवस्था छैन । त्यसैले वि.व्य.स.का महिला सदस्यको प्रतिनिधित्व गराउँदा उक्त सिद्धान्तको ख्याल नगरिएको वा प्रंयोगमा नल्याईएको कारण पनि महिलाहरुको सक्रियतामा प्रभाव परेको देखिएको छ । के कुरा प्रष्ट देखिन्छ भने वि.व्य.स का महिला सदस्य उत्पादनमुलक कामप्रति प्रेरित भएको तर वि.व्य.स.जस्तो सामाजिक र शैक्षिक काम भने अनिच्छाको क्षेत्र वनेको देखिएको छ । उनीहरुको रुचि, क्षमता र सीपको वेवास्ता गरी वि.व्य.स.को कामको जिम्मेवारी दिएको कारण व्यवस्थापन पक्ष समेत प्रभावित भएको पाइएको छ ।

## ४.४. महिला सदस्यलाई सक्रिय वनाउने उपायहरू

हाल समावेशी नेपालमा महिलाको सहभागिताको दिनानुदिन माग भइरहेको अवस्थामा विद्यालय व्यवस्थापन समितिमा महिला सकियता वढाउन अत्यन्त जरुरी हुँदै गएकाले सरोकारवाला पक्षवाट आउने सुझाव सहितका उपायहरूको खोजी गर्ने पनि यस

अनुसन्धानको उद्देश्य भए अनुरुप वि.व्य.स. अध्यक्ष, प्र.अ.र महिला पदाधिकारीवाट प्रश्नावली तयार गरी सुझावहरूको रुपमा सङकलन गरिएको थियो जसअनुसार प्राप्त सुझावहरूलाई तल विश्लेषण गरिएको छ ।

प्रधानाध्यापकहरू विद्यालयका प्रमुख प्रशासक हुन जसले विद्यालयका धेरै कमजोरीहरूलाई नजिकवाट नियालेका हुन्छन र वि.व्य.स.मा महिलालाई परेका समस्या देखि लिएर नीतिगत समस्या समेत उहाँहरुलाई नै बढी से बढी थाहा हुन्छन । प्रअहरूले प्रत्यक्ष वा परोक्ष अनुभवका आधारमा महिला सदस्यहरूको सक्रियता वढाउने उपायहरूमा- सरकारी नीतिमै महिला सहभागिताको स्पष्ट  व्यवस्था गर्नुपर्ने, शिक्षा नियमावलीमा नै संशोधन गर्ने, विद्यालय प्रति महिला आकर्षण बढाउने कार्यक्रम चलाउने, विद्यालयका हरेक क्रियाकलापमा महिला सहभागिता गराउने, महिला सहभागित बढाउन शिक्षानियमावली मै संशोधन गरी वि.व्य.स.मा कम्तीमा २ जना अनिवार्य महिला सदस्य प्रतिनीधित्वको व्यवस्था गर्नु पर्ने, हरेक राजनीतिक दलसगँ समन्वय गरी विद्यालयको समस्या समाधान र विकास प्रति सकारात्मक सोचभएका व्यक्ति प्रवेशको वातावरण वनाउनुपर्ने, स्थानीय स्तर वाटनै विभिन्न सामाजिक कार्यहरूमा  महिलालाई सक्रिय गराउनु पर्ने, र महिलाको काम, कर्तव्य र  अधिकार सम्वन्धी चेतना अभिवृद्धिका कार्यक्रम संचालन गर्नु पर्ने जस्ता सुझावहरू प्रस्ताव गर्नु भएको छ ।

यसै गरेर वि.व्य.स अध्यक्षवाट प्राप्त सुझावहरूमा गा.वि.स.बाट महिला चेतनामूलक कार्यक्रम संचालन गर्ने, केन्द्रवाट वर्तमान समयको मागअनुसार ऐन कानुन शंसोधन गरी धेरै भन्दा धेरै महिला सहभागिता गर्ने गराउने व्यवस्था मिलाउने, भरसक समितिमा प्रतिनिधिन्व गर्ने महिला सदस्य शिक्षा क्षेत्रमा राम्रो दखखल भएको ल्याउने प्रयत्न हुनुपर्ने, नियमावलीमा संशोधन गरिनु पर्ने, राज्यले नै महिलालाई कागजी रूपमा नभई ठोस रुपमा अवसर दिनुपर्ने, विद्यालयमा विद्यार्थी  भर्ना गराउदा महिलाको अभिभावकत्व गराउनु पर्ने, शिक्षा नियमावलीवाटै महिलाको सहभागिताको संख्या बढाउनु पर्ने, पुरातन सोच हटाई महिलालाई घर वाहिरका सामाजिक दायित्वहरु दिनुपपर्ने, राजनैतिक दलले आफ्नो कार्यकर्तालाई  प्रशिक्षण गर्नुपर्ने, महिला सदस्य आरक्षित भन्दा पनि स्वत स्फूर्त रुपमा हुनुपर्ने, समाजमा अगुवाई गर्ने वाट महिला व्याक्तित्वहरुलाई अवसर दिनुपर्ने ।

विद्यालयका व्यवस्थापन समितिहरूमा महिला सक्रियता वढाउनका लागि महिलाहरूवाट समेत उपयोगी सुझावरू प्राप्त गर्न सकिने अभिप्रायले यो अनुसन्धानमा वि.व्य.स.कै महिला सदस्यहरूवाट सुझावका लागि गरिएको प्रश्नवाट यसप्रकार सुझावरू प्राप्त भएका छन्: महिलालाई विशेष ध्यान पुचाउनु पर्ने, समाजमा पुरुषले महिलालाई पनि स्थान दिनु पर्ने, वि.व्य.समा अन्य पदाधिकारीहरुले पनि महिलालाई अवसर दिनुपर्ने, र महिला आफै सचेत रहनुपर्ने ।

विभिन्न वि.व्य.स.का वैठकहरूमा सहभागी हुने अवसर पाउने शैक्षिक व्यक्तित्व स्रोत शिक्षकवाट विद्यालयहरूमा उहाले गरेका अवलोकनका आधारमा अनुभवहरूवाट उत्तर लिने यो अनुसन्धानको अभिप्राय भएअनुसार प्राप्त सुझावहरूमा वि.व्य.स.मा महिलालाई दिइएको स्थान सम्मानजनक वनाउनु पर्ने, यसका लागि सामाजिक, सास्कृतिक, आर्थिक र महिलाप्रतिको विश्वासमा आँच आउन दिन नहुने, र पुरुषमुखी प्रवृत्ति हटाई सहकार्यका लागि उत्तिकै जिम्मेवार हुने गरी अघि बढ्न शिक्षा ऐन नियमालीमा नै छुट्टै तर स्पष्ट व्यवस्था गर्नुपर्ने रहेका छन् ।

# परिच्छेद पाँचः प्राप्ति,निष्कर्ष र सुझाव

मोरङ जिल्लाको इन्द्रपुर स्रोत केन्द्र अध्ययन क्षेत्र रहेको अनुसन्धानकर्ताको “विद्यालय व्यवस्थापन समितिमा महिला सदस्यको सहभागिता” शीर्षकमा गरिएको अनुसन्धानबाट प्राप्त तथ्याङकको विश्लेषण बाट निम्नानुसारको प्राप्ति भएको, त्यसवाट निष्कर्ष निकालिएको र सोही आधारमा सुझावहरू प्रस्तुत गरिएको छ :

## ५.१ प्राप्ति

अध्ययन क्षेत्रभित्र परेका विद्यालयहरूमा गठित व्यवस्थापन समितिहरूको अध्ययन अनुसार महिला प्रतिनिधित्वको अवस्था हेर्दा अधिकांश समितिहरूमा एक मात्र महिला प्रतिनिधित्वको सङ्ख्या रहेको पाइएको छ। यो व्यवस्था शिक्षा नियमावलीमा निर्धारण गरिएको अनिवार्य व्यवस्था न्यूनतम सीमा हो। अुनसन्धान क्षेत्रका विद्यालयहरूमा वि.व्य.स.को अध्यक्षका महिला प्रत्यासी समेत नवनेकाले परिणामत अध्यक्षको स्थानमा कुनै पनि महिला रहेका छैनन्। यसका अलावा अध्यक्षका लागि महिला प्रत्यासी वन्न इच्छुक समेत नभएको वा महिला अध्यक्षमा प्रत्यासी हुन पाइने कुरानै महिला सदस्यालाई जानकारी नभएको समेत पाइएको छ। विद्यालयको महत्व, वि.व्य.स.का के कस्ता कामहरू हुन्छन र समग्र शैक्षिक प्रक्रियामा वि.व्य.सको भूमिका के रहन्छ भन्ने कुराको शिक्षाको अभावको आभास समेत प्राप्त गर्न सकिएको अवस्था छ। सदस्यको पदमा रहेका महिलालाई समेत वाध्यात्मक रूपमा राखिने गरेको वा सहमतिको प्रक्रियामा स्वयंमहिला को संलग्नता नहुने, जानकारी लिने र दिने दुवै नहुने र अरुले मिलाइदिएको प्रक्रियामा पछि जानकारी गराइने गरेकाले महिला सदस्य आफ्नो प्रतिनिधित्व प्रति नै स्पष्ट रुपमा जानकार नभएको पाइएको छ। यसवाट महिला सूचनाको पहुँचवाट समेत टाढा रहेको अवस्था देखिएको छ। प्रत्यक्ष कुराकानीका क्रममा पाइएको तथ्यअनुसार कतिपय महिलालाई वि.व्य.स. र शिक्षक अभिभावक संघ एकै हो भन्ने समेत लागेको रहेछ। जिम्मेवारीका हिसावले हेर्दा वि.व्य.स.ले महिलालाई मनोवैज्ञानिक रुपमा नै कमजोर ठानेर हुन सक्छ एकल जिम्मेवारी वा संयोजनकारी जिम्मेवारी नै दिएको पाइएन तर महिलालाई सामूहिक रुपमा दिइएको जिम्मेवारी भने पूरा गर्ने गरेको पाइएको छ

वि.व्य.स.मा वर्तमान महिला प्रतिनिधित्वको अवस्था प्रति महिला सदस्य, वि.व्य.स.अध्यक्ष प्र.अ. र स्रोत शिक्षक कोही पनि सन्तुष्ट नरहेको पाइयो । साथै सवै पक्ष यो अवस्थाको परिवर्तनका लागि वा महिला प्रतिनिधित्वको अवस्थामा नीतिगत रुपमा नै सुधार गरी प्रतिनिधित्वको सङ्ख्या वढाउने पक्षमा सहमत हुनुहुन्छ भन्ने कुरा देखियो ।

यस अध्ययनले देखाए अनुसार महिला सदस्य को भूमिका निर्णय प्रक्रियामा प्राय निष्क्रिय रहेको छ । कुनैपनि वैठकमा असहमति नराख्ने ,नयाँ एजेण्डा प्रस्तुत गर्न नसकेको, केवल उपस्थिति र अरुले गरेका छलफल सुन्ने, सहमति जनाउने र सही गरीदिने सम्मको काममा मात्र महिलाको उपस्थिति पाइएको छ । महिला सदस्यले समावेशी परिवेशमा पनि महिला विशेषका कुनै योजना र एजेण्डा राख्न नसकेको पाइएकाले महिलाको भूमिका प्रसंशासनीय देखिएन । उनको भूमिकामा अपेक्षाकृत कमी देखिनुमा उनले पाउने सूचना , उनको शैक्षिक ज्ञन तथा रुचिले समेत प्रभाव पारेको र उनको सामाजिक भूमिका यसका अतिरिक्त महिलाको रुचि र इच्छा विपरीतवाट वि.व्य.स.मा प्रतिनिधित्व हुने गरेकाले पनि महिला सदस्यको अपेक्षाकृत सक्रियता पाउन नसकिएको तथ्य प्राप्त भएको छ । महिलाको सक्रियतामा कमी देखिनुमा उनका योग्यता र अनुभव पनि वाधक तत्वका रुपमा पाइएका छन् । कोरा र अनुभवहीन महिलालाई उभ्याउने र राजनीतिक वाडफाँडवाट हुने उपस्थिति महिला स्वयंको भूमिकाकालागि वाधक देखिएको छ ।

वि.व्य.स.मा नै महिला सदस्यको सक्रियताका अवरोधहरुका रुपमा महिलाका लागि एक्लो उपस्थिति, प्रतिकूल सामाजिक परिवेश, विषयान्तरको परिस्थितिमा अलमलमा पर्नु , पुरुषप्रधान सामाजिक अवस्था उनलाई असजिलो वनाइनु , शैक्षिक नीति , हीनतावोध, क्षेत्रगत ज्ञानको अभाव, प्रतिनिधित्व स्वेच्छिक नभई राजनैतिक प्रकृतिको हुन, महिला स्वयंमा पनि दायित्ववोधको कमी हुनु रहेका छन् ।

वि.व्य.स.मा प्रतिनिधित्व गर्ने अधिकांश मिहिला साक्षर मात्र भएको विध्यमान अवस्था प्रतिशतका हिसावमा ८०% महिलाको शैक्षिक योग्यता साक्षरता सम्मको र बढीमा एस.एल.सी पास सम्ममात्र रहेको पाइएको छ भने अर्कोतर्फ अधिकांश महिला सदस्यको रुचिको क्षेत्र उत्पादनमूलक कार्यमा संलग्न हुने जस्तै गाईपालन गर्ने ,सीपमूलक तालिम सिक्ने तर सामाजिक काममा अभिरुचि कम रहेको पाइयो ।

## ५.२ निष्कर्ष

अनुसन्धानवाट प्राप्त भएका नतिजाका आधारमा  तथ्यगत निष्कर्षमा पुग्न सकिन्छ। अत: विद्यालय व्यवस्थापन समितिमा महिला सदस्यको भूमिका शीर्षकमा गरिएको यो शोध कार्यमा निर्धारित स्रोत वाट प्राप्त जानकारीको आधारमा निष्कर्षस्वरुप भन्न सकिन्छ कि वि.व्य.समा महिला प्रतिनिधित्व केवल प्रतिनिधित्वकालागि मात्र रहेको अवस्था छ। यो प्रतिनिधित्व पनि अपेक्षाकृत सक्रिय र व्यावहारिक रुपमा एकल नेतृत्व लिने र दिने समेतको अवस्था छैन। सवै वि.व्य.स.अध्यक्ष पुरुष र महिला केवल अनिवार्य भएकाले सदस्य सम्मको र त्यसभित्र पनि एक मात्रको प्रतिनिधित्वलाई सकारात्मक मान्न सकिँदैन। यहा शिक्षा नियामावली समेत आकर्षित हुने अवस्था देखिन्छ। नियमावलीले एकभन्दा वढी महिलाको प्रतिनिधित्वलाई अस्वीकार गरेको त छैन तर व्यावहारिक रूपमा एकभन्दा प्रतिनिधित्व वढ्न नसकेकाले यसको आशय अनुरुपमा कार्यन्वयन नभएको देखिन गएको छ। नियमावलीले महिलाले विद्यालय व्यवस्थापन समितिमा रहेर कुनै निर्णायक भूमिका नखेलेको भएता पनि केही महिला यो भूमिकाको खोजीमा रहेकाले वर्तमानमा दिने गरेको स्थान उपयुक्त देखिँदैन।

भूमिकाका सन्दर्भमा वि.व्य.स.मा हाल प्रतिनिधित्व गर्ने महिलाका भूमिका अपेक्षा अनुरुप सकारात्मक र आशालाग्दा देखिएका छैनन। महिलालाई आफ्नो भूमिकाको स्पष्ट रुपमा जानकारी र सूचनाको अभाव भएवाट उनी वि.व्य.स.मा.गुणात्मक रुपमा निर्णायक छैनन। केवल उनी सङख्यात्मक रुपमा कोरम पुयाउने हिसावको गणनामा उपस्थिति छन्। विद्यालयका वैठकहरुमा पनि महिला अन्य पुरुष सदस्यसँग वादविवाद तर्क वितर्क गर्न नसक्ने अवस्थामा रहेको र पुरुष सदस्यका सवै विचार निर्णयमा परिणत हुने र महिला हस्ताक्षर गर्ने भूमिकामा सीमित हुन पुग्नु हुन्छ। राजनैतिक तवरको प्रतिनिधित्व भएकाले महिलाको योग्यता उपयुक्त र स्तरीय पनि देखिएको छैन। अध्ययनवाट थाहा भएअनुसार महिलाका रुचि, चाहन, योग्यता र व्यवसायका हिसावले हेर्दा सही समाजसेवा प्रति जागरुक, शैक्षिक सस्थाप्रति रुचि राख्ने, दृढ महिलाको आवश्यक पर्नेमा यस अनुरुपमा गुणात्मक प्रतिनिधित्व हुन नसकेको देखिएको छ। सक्रियता र निर्णयका हिसावमा पनि महिला भन्दा पुरुष बढी सक्रिय र निर्णायक देखिएका र महिला सदस्यको तुलनामा पुरुषका भूमिका वढी देखिनुका कारण महिला भूमिका दुवै सङख्यात्मक र गुणात्मक रुपमा छाँयामा परेको छ।

## ५.३ सुझावहरू

यो अनुसन्धानका प्राप्ति र निष्कर्षका आधारमा सरोकारवाला सवैका लागि उपयोगी वन्न सक्ने  निम्नलिखित सुझाबहरु प्रस्तुत गरिएको छ :

### ५.३.१ नीतिगत र अभ्यास तह

१. वि.व्य.स.मा महिला प्रतिनिधित्वको सङ्ख्या नियमावलीमा न्यूनतम एक निर्धारण भएको र हाल विद्यालयहरूले महिलाको त्यो न्युनतम उपस्थिति मात्र लाई पर्याप्त मानेको हो कि भन्ने देखिन गएकाले यो सङख्या वढाई न्यूनतम पनि ३ महिला सदस्यको प्रतिनिधित्वलाई सुनिश्चित गर्नु राम्रो हुने र यो नेपालको अन्तरिम संबिधान विपरीत पनि नहुने थियो ।

२. कुनैपनि संस्था वा व्यक्तिको कार्यक्षमता र कार्यदक्षता वृद्धि गर्ने एक प्रमुख औजार सूचना हो । व्यवस्थापनमा गरिने प्रायः सबैजसो कार्यमा प्रभावकारी एवं तथ्य सूचना उपयुक्त समयमा आउन आवश्यक हुन्छ । वि.व्य.स.को गठनका लागि महिला अभिभावकरूले सूचना प्राप्त गर्ने वातावरण सृजना गर्नुपर्ने देखिन्छ ।

३. वि.व्य.स.मा प्रतिनिधित्व गर्ने महिलाका लागि पनि शैक्षिक योग्यता र न्यूनतम पनि सामाजिक काममा अनुभव र रुचि भएका महिलाहरूको पहिचान गर्नुपर्ने । यसकालागि सामाजिक कार्यमा महिलाको रुचि अभिवृद्धिका कार्यक्रम सामाजिक समूह वा विभिन्न सरकारी तथा गैह्र सरकारी सञ्जालमार्फत गरिनु पर्ने ।

४. वि.व्य.स.मा प्रतिनिधित्व भइसकेपछि महिला र पुरुष दुवै सदस्यहरूलाई उनीहरूका काम, कर्तव्य र अधिकारको र कुन जिम्मेवारी कसरी महिलाले गर्नुपर्ने जस्ता कुराको जानकारीका लागि तालिमको व्यवस्था गरी महिला सदस्यलाई सजग र पुरुष सदस्यलाई सचेत गराउन पर्छ ।

५. विद्यालयक विशुद्ध शैक्षिक संस्था भएकाले यसमा राजनीतिक रुपमा हस्तक्षेप वा राजनीतिक हस्तक्षेपलाई घटाउने र हटाउनु पर्ने । राजनीतिक गतिविधिवाट वि.व्य.स.गठन प्रभावित पार्नु नहुने ।

६. विद्यालयमा आन्तरिक रूपमा निर्माण गरिने समिति तथा उपसमितिमा महिलालाई मुलभूत जिम्मेवारीमा नराखिएको देखिएकाले उनलाई वि.व्य.स.मा.कामका स्तरीय एवं संयोजनकारी भूमिकाको जिम्मेवारीमा समेत सहभागी गराउनुपर्ने ।

७. सर्वप्रथम महिलालाई शिक्षित वनाउन सरकारले वा विद्यालयको प्रयासमा नै विभिन्न खाले महिला विशेषका चेतामूलक कार्यक्रमहरु ल्याई वा महिलासँग सरोकार राख्ने महिलावादी कार्यकर्ताहरूवाट महिलालाई प्रशिक्षित गर्नु पर्छ ।

८. विद्यालयमा विद्यार्थी भर्ना गर्दा महिलाको अभिभावकत्व  गराउनु पर्छ । विद्यालयका हरेक कार्यक्रमहरू महिलाको उपस्थितिलाई सुनिश्चत गर्ने व्यववस्था हुन सके वर्तमानको अप्रतिस्पर्धात्क अवस्थावाथ महिलाको प्रतिस्पर्धीमा वृद्धि हुन गइ विद्यालयको व्यवस्थापनमा समेत प्रतिस्पर्धि महिला उपस्थित भई विद्यालयको सुधारमा वृद्धि हुने देखिन्छ ।

९. हरकका काममा महिलालाई प्रोत्साहान गर्दै पुरातन सोच हटाई महिलालाई घर वाहिरका  सामाजिक दायित्वहरू  दिनु पर्छ ।

१०. राजनीतिक दलहरुले सचेत महिलालाई मात्र वि.व्य.स.माप्रतिनिधित्व गर्नमा प्रशिक्षण गर्नु पर्दछ ।

११. वि.व्य.स मा प्रतिनिधित्व गर्ने महिला सदस्यले आफ्ना धरायसी कामलाई व्यवस्थित गर्न नसकिरहेको थाहा भएकाले वेलावखत महिला सदस्यका घरका सदस्यहरु समेतलाई विद्यालायले कार्यक्रम राखी छलफल गर्ने गर्नु पर्ने ।

१२. विद्यालयमा हुने कार्यक्रमहरूमा महिला सदस्यलाई समावेश गर्ने गरिएमा र छात्राहरू सँगका अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गर्न सकिएमा वि.व्य.स. सदस्य महिला विशेषका समस्याप्रति र विद्यालय विशेषका समस्याप्रति सचेत भई वि.व्य.स.का.वैठकमा सवालहरूलाई उठान गर्न सक्ने थिइन् ।

१३. वि.व्य.का.वैठकहरू महिला सदस्यलाई पायक पर्ने समयमा वोलाई उनलाई हुने हतारो कम गर्न मूलतः वि.व्य.स.सचिवले सचेतता अपनाउनुपर्ने ।

१४. वि.व्य.स.मा महिलाको स्वेच्छिक र स्वस्फूर्त उम्मेद्वारीको प्रवन्ध गर्नु पर्ने ।

१५. विद्यालयभित्र आफैँमा आफ्ना कामका मूल्याङकन गर्ने परिपाटिको व्यवस्था मिलाउनुपर्ने जसले कसले कति जिम्मेवारी वहन गरेको र कसले वहन गर्न नसकेको, कसको सक्रियता भएको र कसको नभएको हो लेखाजोखा गर्ने अवसर मिल्छ ।

१६. विद्यालयको व्यवस्थापन समितिको गठन लगत्तै वि.व्य.स.का सवै सदस्यरूलाई वि.व्य.स. सम्वन्धी तालिमको व्यवस्था गर्न सकिएका खण्डमा निकै नै सुधार हुन सक्ने देखिन्छ ।

## ५.३.२ अनुसन्धान तह

यो अध्ययन इन्द्रपुर स्रोत्रकेन्द्रमा सीमित रही गरिएको प्रस्तुत शीर्षकको अध्ययनलाई गहन रुपमा चिन्तन मनन गरी सम्वद्ध निकायले राष्ट्रिय स्तरको गहान अध्ययन अनुसन्धान गर्न थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ । सानो स्केलकको यस अध्ययनले आगामी अनुसन्धानलाई महत्वपूर्ण मार्गदर्शन प्रदान गर्नेछ । यो अध्ययनसँग नजिक रहेर थप अनुसन्धानात्मक कार्यहरू गर्न सकियोस् भन्ने अभिप्रायले भावी अनुसन्धानका लागि थप सम्भाव्य शीर्षकहरु निम्न बमोजिम सुझाइएको छ :

(क) शैक्षिक व्यवस्थपनमा महिला सदस्यहरूको सक्रियतामा प्रभाव पार्ने तत्वहरूको पहिचान : एक अध्ययन

(ख) ऐन तथा नियमावलीले महिलाको सहभागितामा पारेको प्रभाव : एक अध्ययन

(ग) विद्यालय व्यवस्थापन समितिमा महिलाको सहभागिताले छात्राको शैक्षिक उपलब्धिमा पारेको प्रभाव : एक अध्ययन

(घ) विद्यालय व्यवस्थापनमा महिलाको सहाभागिता र पहुच अभिवृद्धिका लाीग स्थानीय सरकारी निकायहरूवाट भएका र गर्न सकिने प्रयत्नहरूको अध्ययन

(ङ) महिला सचेतताका कार्यक्रम र विद्यालय व्यवस्थापनमा परेको प्रभावको अध्ययन

(च) सूचना , महिला र विद्यालय व्यवस्थापनको अध्ययन

अतः यस अनुसन्धानमा विद्यालय व्यवस्थापन समितिमा महिला सदस्यको भूमिकाको मात्र अध्ययन गरिएकोले विद्यालयका अन्य कार्यक्रमहरू जस्तै विद्यालय सुधार योजना, शैक्षिक व्यवस्थापन, कक्षा व्यवस्थापन आदि विभिन्न क्षेत्रमा महिलाको सक्रियताको

लेखाजोखा गरी अन्य उपागमहरुको खोजी गरी अध्ययन गर्न सके महिलाको सहभागितामा बृद्धि हुने र वर्तमान अवस्थामा सुधार ल्याउन सकिने कुराको विश्वास गर्न सकिन्छ ।

# सन्दर्भसामग्री


अनौपचारिक सेवा केन्द (२०६३) , *साक्षरता विशेषाङ्क,* भक्तपुर : लेखक ।

अधिकारी, विष्णुप्रसाद (२०५९), *माध्यमिक शिक्षक दिग्दर्शन,* काठमाण्डौ : आशिष पुस्तक भण्डार ।

कट्वाल,ओमबहादुर (२०६६), *प्रधानाध्यापकको नेतृत्वले शैक्षिक व्यवस्थापनमा पारेको प्रभाव,* सुकुना वहुमुखी क्याम्पस, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, अप्रकाशित स्नात्तकोत्तर शोधपत्र ।

काफ्ले, वासुदेव र श्रेष्ठ चन्द्रवहादुर, सिन्हा रामस्वरुप (२०६३),*शैक्षिक प्रशासन र सुपरिवेक्षण,* भोटाहिटी, काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

काफ्ले, वासुदेव,र पोडेल गिरिराज (२०६४), *शैक्षिक व्यवस्थापन तथा संगठनात्मक व्यवहार,* काठमाण्डौः जुपिटर पब्लिकेशन प्रा. लि. ।

काफ्ले, वासुदेव , ढकाल हेमराज, र अधिकारी किसानप्रसाद (२०६५), *शिक्षामा सामजिक न्याय* काठमाण्डौ : सनलाइट पब्लिकेसन ।

कोइराला, पार्वती देवी (२०६३), *तनहुँ जिल्लाको सामुदायिका माध्यमिक विद्यालयमा शिक्षण सिकाइ सुधारका लागि प्रधानाध्यापकको व्यवस्थापकीय भूमिका एक अध्ययन, महेन्द्ररत्न क्याम्पस,* शैक्षिक योजना तथा व्यवस्थापन विभाग, अप्रकाशित स्नात्तकोत्तर शोधपत्र ।

कोइराला , विद्यानाथ र श्रेष्ठ चन्द्रवहादुर (२०६२),*शैक्षिक व्यवस्थापन तथा संगठनात्मक व्यवहार ,* भोटाहिटी,काठमाण्डौ :विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६६), *शैक्षिक अनुसन्धान पद्धति ,*कीर्तिपुर, काठमाण्डौः सनलाइट पब्लिकेसन ।

डिनको कार्यालय (२०५९), *सामाजिक न्याय शिक्षा,* काठमाण्डौः सनलाइट पव्लिकेसन ।

डंगोल, नारायण मान (२०६१), *समुदाय द्वारा व्यवस्थापन भएका विद्यालयहरुको विगत र वर्तमानको तुलनात्मक अध्ययन ,* कीर्तिपुर काठमाण्डौ ।

भट्टराई, ईश्वरीप्रसाद (२०६१) *विद्यालयीय शिक्षा सुधारका लागि प्रधानाध्यापक,शिक्षक तथा समाजसेवीको भूमिकाको अध्ययन* ,महेन्द्ररत्न क्याम्पस,ताहाचल,काठमाण्डौ, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

भट्टराई, डिल्लीराम (२०६७) *माध्यमिक तहमा महिला शिक्षकको शिक्षणमा सहभागिता,* सुकुना वहुमुखी क्याम्पस, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

भट्टराई, भरतमणि (२०६७) शिक्षण सिकाइ प्रक्रियामा लैङ्गिक मुद्दाको व्यवस्थापन, सुकुना वहुमखी क्याम्पस, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

मैनाली ,भवानीप्रसाद ,*शिक्षक मासिक,* वर्ष ३ पूर्णाङ्क ३४ ।

मुडवरी, नवराज(२०६३), *शैक्षिक अनुसन्धान पद्धति,* कीर्तिपुर, काठमाण्डौ : जुपिटर प्रकाशन तथा वितरक प्रा.लि.।

रेग्मी, संगीता (२०६१), *नेपालमा महिलाको स्थिति* , काठमाण्डौ :महिला शिक्षा वार्षिक प्रकाशन अनौपचारिक शिक्षाकेन्द्र शिक्षा विभाग ।

वस्नेत, सरस्वती (२०६३) , *प्राथमिक तहमा महिला शिक्षिकाको सहभागिताले शिक्षणमा पारेको प्रभाव एक अध्ययन* , सुर्खेत बहुमुखी क्याम्पस, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

विद्यालय व्यवस्थापनका समस्या, *शिक्षक मासिक* , वर्ष ३ पूर्णाङ्क ३४ , माघ २०६७ ।

लक्सम, रामवहादुर (२०६६) ,*प्राथमिक विद्यालयको शैक्षिक व्यवस्थापनमा महिला र पुरुष प्र.अ. को भूमिकाको तुलना* , शैक्षिक योजना तथा व्यवस्थापन विभाग, अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

नेपाल सरकार शिक्षा ऐन (२०२८), र *शिक्ष नियमावली* २०५९, (छैटौ संशोधन २०६७/६८सहित) काठमाडो : सहिष्णु प्रकाशन ।

शिक्षा विभाग, (२०६५) ,*लैङ्गिक सचेतना प्याकेज,* भक्तपुर : लेखक ।

नेपाल सरकार, (२०४७), *नेपाल अधिराज्यको संविधान* , काठमाण्डौ : राष्ट्रिय योजना आयोग ।

पाण्डे, रामकुमार, *सामाजिक अध्ययन,* कक्षा १० : जनक शिक्षा समाग्री केन्द्र लिमिटेड ।

बडु, इन्द्रराज (२०६७),.अलिकति आकर्षण घटाइदिऊँ : *शिक्षक मासिक,* ३, ३४ पे.३२-३३

बराल, ऋषिराज(२०५६), *उपन्यासको सौन्दर्यशास्त्र,* ललितपुरः साझा प्रकासन ।

बुढाप्रिथी, रविन्द्रकुमार(२०६४), काठमाण्डौ जिल्लाको महानगरपालिका तथा ग्रामिण क्षेत्रका सामुदायीक प्राथमिक विद्यालयहरूको शैक्षिक व्यवस्थापनमा प्रधानाध्यापकको भूमिका र त्यसको प्रभावकारिता एक अध्ययनः, महेन्द्ररत्न क्याम्पस,ताहाचलै, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

सिन्हा, रामस्वरुप (२०६३), *एक्काइसौ शताब्दिको शैक्षिक दूरदृष्टि,* काठमाण्डौ : काभ्रे अफसेट प्रेस ।

शर्मा, चिरन्जिवी र निर्मला (२०६५), *शिक्षाको आधार* , भोटाहिटी, काठमाण्डो : एम .के पव्लियर्स एण्ड डिष्ट्रीव्यूटर ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६१), *पूर्वीय र पाश्चात्य साहित्य शिद्धान्त, काठमाडौ* : विद्यार्थी पुस्तक भण्डार ।

## विद्यालय व्यवस्थापन समितिमा महिला सदस्यको सहभागिता

अनुसूचि एक : प्रधानाध्यापक/ वि.व्य.स.अध्यक्षका लागि खुल्ला प्रश्नावली

नामः ............... पदः......................... विद्यालयः....................................

१. विद्यालय व्यवस्थापन समितिमा महिला सदस्यको प्रतिनिधित्व कसरी गरिएको हो ?

.......................................................................................................................

....

२. तपाईंको वि.व्य.स. मा महिला सदस्यको वर्तमान प्रतिनिधित्वको अवस्थालाई कसरी मूल्याङ्कन गर्नु भएको छ ?

.......................................................................................................................

३. हालको वि.व्य.स.मा महिला प्रतिनीधित्वको आवश्यामा सुधार ल्याउन आवस्यक ठान्नु भएको छ कि छैन ?

.......................................................................................................................

४. सुधार गर्न आवश्यक छ भन्ने महसुस गर्नु भएको छ भने यो अवस्थामा सुधार ल्याउन के कस्तो नीतिगत सुधार गर्नु पर्ने ठान्नु भएको छ ?

.......................................................................................................................

५. सामान्यतया वि.व्य.स.को महिला सदस्य वैठकमा उपस्थित हुन तोकिएको समयमा नै उपस्थित हुने गरेको छ कि छैन ?

................................................................................................................

६ . तपाईंको वि.व्य.स.मा प्रतिनीधित्व गर्ने महिलालाई कुनै ठोस जिम्मेवारी दिइएको छ ?

.......................................................................................................................

७. दिइएको जिम्मेवारीलाई महिला सदस्यले के कति पुरा गर्नु भएको छ ?

.......................................................................................................................

८ . प्रस्तावित एजेण्डाहरूमा छलफल चलेको वेला महिला पदाधिकारीको प्रस्तुति र एजेण्डा माथिको छलफलमा उहाको सहभागिताको  कसरी मूल्याङ्कन गर्नु हुन्छ ?

....................................................................................................

९. वि.व्य.स.को वैठकमा पुरुष र महिला सदस्यमा को बढी सक्रिय सहभागि भएको पाउनु भएको छ ?

........................................................................................................

१० . महिलाको सक्रियतामा किन कमी वा वढी भएको होला ?

........................................................................................................

११.महिला सदस्यले कुनै वैठकमा कहिल्यै असहमति पनि राख्नु भएको छ ? छ भने कुन कुरामा त्यस्तो असहमति राख्नु भयो ?

........................................................................................................

१२.  तापाइको विद्यालय व्यवस्थापन समितिको  महिला सदस्यको पहल र प्रयत्नमा कुनै वैठक वोलाइ सञ्चालन भएको छ ?

........................................................................................................

१३ .कुनै  वैठकमा महिला सदस्यले महिला विषेशको कुनै एजेण्डा प्रस्ताव गर्नु भएको छ ?

..................................................................................................

१४.  वि.व्य.स.मा महिला सहभागिता र सक्रियता बढाउन कुन कुन तहवाट के के गरिनु पर्छ भन्ने तपाईंलाई लागेको  छ ?

........................................................................................................

१५. वि.व्य.स.मा महिला भूमिका वढाउनमा कुन तत्वहरुलाई वाधक ठान्नु भएको छ ?

........................................................................................................

१६. वि.व्य.स.मा महिला भूमिका र सक्रियता प्रभावकारी वनाउने केही उपायहरू वताउनुहोस् ।

……………………………………………………………………………………………………

….

# विद्यालय व्यवस्थापन समितिमा महिला सदस्यको सहभागिता

अनुसूचि दुई : महिला सदस्यकालागि अन्तरवार्ता प्रश्नावली

नामः.........................................................

विद्यालयः..................................................

पदः........................

१. तपाईले वि. व्य. स को सदस्य पदमा कुन प्रक्रिया ( चुनावी प्रक्रिया वा अभिभावकहरूको भेलाको सर्वसम्मत निर्णय) वाट प्रतिनिधित्व गर्नु भएको हो ?

..................................................................................................................

..................................................................................................................

२. वर्तमान परिप्रेक्षमा वि.व्य.स.को गठन प्रकृया र यसको भूमिकाको सम्वन्धमा तपाईंको धारणा के छ ?

..............................................................................................................

३. तपाइले वि.व्य.स. को अध्यक्ष हुन नचाहानु भएको हो वा के कुराले वाधा पुचाएको होला ?

..........................................................................................................

४. वर्तमान वि. व्य.स. मा महिला प्रतिनीधित्वको सवालमा तपाईंको राय कस्तो छ ?

......................................................................................................

५. महिला सदस्य भएको कारण तपाईंलाई वि. व्य.स. वैठकहरूमा उपस्थित हुन, छलफलमा सक्रिय रहन असजिलो हुने गरेको छ कि छैन ?

..................................................................................................................

६. तपाईंको सक्रियतालाई के कुराले प्रतिकुल असर गरेको छ ?

..............................................................................

७. वि व्य.स.को वैठकमा तपाँईको प्रस्तुतीलाई अन्य पदाधिकारीले कतिको गम्भिरताका साथ लिने गरेको पाउनु भएको छ ?

...........................................................................................

८. तपाईंको स्वविवेकले वैठकमा नयाँ एजेण्डा राख्नु भई निर्णय गराउन सक्नु भएको छ ?

.................................................................................................................

९. कुनै वैठकमा असहमति पनि राख्नु भएको छ ? राख्नु भएको भए कुन एजेण्डामा राख्नु भएको छ ? उदाहरण दिनुहोस् ।

...............................................................................................................

१०. कुनै वैठकमा महिला (छात्रा, महिला शिक्षक) बिशेषको प्रस्ताव उठाउनु भएको छ ? यदि छ भने के सवाल उठाउनु भयो ?

.................................................................................................................

११. वि व्य.स. मा के कस्ता प्रकृयावाट निर्णयहरू हुने गरेका छन? कुनै निर्णयमा तपाईंको असहमति रहने गरेको छ कि छैन ?

.......................................................................................................

१२. छ भने कस्ता प्रकारका निर्णयमा तपाईंको असहमति रहने गरेको छ ?

.....................................................................................

१३. तपाईको विचारमा वि. व्य.स.मा महिलाको संख्या वढाउन के गर्नु पर्ला ?

............................................................................................

१४. वि.व्य.स ले तपाईंलाइ कुनै ठोस जिम्मेवारी ( कुनै उपसमितिहरूका कार्य गर्न) पनि दिएको छ ? दिएको भए उल्लेख गर्नुहोस ।

...............................................................................................................

१५. जिम्मेवारी नदिएको भए किन त्यसो गरिएको भन्ने तपाईंलाई लागेको छ ?

.................................................................................................

१६. (जिम्मेवारी नदिइएको भए ) जिम्मेवारी नपाएकोमा कुनै गुनासो छ कि छैन ? तपाईंको गुनासो वैठकमा राख्नु भएको पनि छ ?

..............................................................................................................

१७. (जिम्मेवारी दिइएको भए) दिएको जिम्मेवारीलाइ पूर्णरुपमा पूरा गर्न सक्नु भएको छ ? ..............................................................................

१८. (जिम्मेवारी दिइएको भए ) जिम्मेवारी पूरा गर्न के कस्तो कठिनाई भयो ?

.........................................................................................

१९. महिला सदस्यलाई वि.व्य स.मा रहेर काम गर्न कस्ता तत्वहरुले वाधा पुरयाएको महसुस गर्नु भएको छ ?

...........................................................................................

२०. हालको वि.व्य.स.मा महिलाको प्रतिनिधित्वको स्थितिप्रति सन्तुष्ट हुनुहुन्छ ?

..........................................................................................?

२१.हालसम्म तपाईंको विशेष पहलमा कति वैठक सञ्चालन भएका छन् ?

....................................................................................

२२. वि.व्य.स.मा महिला सहभागीता र सक्रियता बढाउन कुन कुन तहवाट के के गरिनु पर्छ भन्ने तपाईंलाई लागेको छ ?

....................................................................................................

२३. महिला भूमिका वढाउनमा कुन तत्वहरुलाई वाधक ठान्नु भएको छ ?

.....................................................................................................

२४. वि.व्य.स.मा महिलाको भूमिका र सक्रियता प्रभावकारी वनाउने केही उपायहरू वताउनुहोस् ।

...............................................................................................

## विद्यालय व्यवस्थापन समितिमा महिला सदस्यको सहभागिता

अनुसूचि तीन : सर्भे फारम

विद्यालयको नाम र ठेगानाः ..............................

मितिः.......................................

| | | | |
|---|---|---|---|
| १. | ● | वि.व्य.स.को गठन भएको मितिः | ● |
| २. | ● | महिला उम्मेद्वारको सङ्ख्याः | ● |
| ३. | ● | व्यवस्थापन समितिको गठन पछि वसेका वैठकको सङ्ख्याः | ● |
| ४. | ● | महिला सदस्य सङ्ख्याः | ● |
| ५. | ● | महिला सदस्य उपस्थित रहेको मिटिङ सख्याः | ● |
| ६. | ● | महिला सदस्य अनुपस्थित रहेको मिटिङ सख्याः | ● |
| ७. | ● | महिला सदस्यको शैक्षिक योग्यता | ● |
| ८. | ● | महिला सदस्यको पेशा | ● |
| ९. | ● | सामाजिक जिम्मेवारीको अवस्थाः | ● |
| १०. | ● | राजनीतिक जिम्मेवारीको अवस्थाः | ● |
| ११. | ● | विगतमा कुनै विशेष प्रकारको जिम्मेवारी लिएको भए सोको विवरणः | ● |
| १२. | ● | कुनै प्रकारको तालिम, गोष्ठि, सेमिनार आदिमा भाग लिएको भए सो को विवरण | ● |
| १३. | ● | कुनै प्रकारका कविता, लेख, रचना आदि लेखेको भए( प्रकाशित -अप्रकाशित) सो को विवरणः | ● |
| १४. | ● | रुचिको क्षेत्रः | ● |

# विद्यालय व्यवस्थापन समितिमा महिला सदस्यको सहभागिता

अनुसूचि चार :स्रोत शिक्षकका लागि प्रश्नावली

श्रोत व्यक्तिको नामः....................................................
श्रोतकेन्द्र र ठेगानाः.....................................................

१. तपाइँ स्रोत शिक्षक रहेका विद्यालयहरूमा वि.व्य.स.मा महिलाको वर्तमान प्रतिनिधित्वको स्थितिप्रति सन्तुष्ट हुनुहुन्छ ?

..........................................................................................

..........................................................................................

२. वि.व्य.स.मा महिला सदस्यको सक्रियतालाई के कुराले प्रभाव पारेको ठान्नुहून्छ ?

..........................................................................................

..........................................................................................

३. तपाइँ उपस्थित रहनु भएको विद्यालयका व्यवस्थापन समितिका वैठकहरूमा महिलाको कतिको सक्रिय भूमिका अवलोकन गर्ने अवसर पाउनु भएको छ?

..........................................................................................

४. वि.व्य.स.मा महिला सहभागिता र सक्रियता बढाउन कुन कुन तहवाट के के गरिनु पर्छ भन्ने तपाइँलाई लागेको छ ?

..........................................................................................

..........................................................................................

५. वि.व्य.स.मा महिलाको भूमिका र सक्रियता प्रभावकारी वनाउने केही उपायहरू वताउनुहोस् ।

..........................................................................................

## विद्यालय व्यवस्थापन समितिमा महिला सदस्यको सहभागिता

अनुसूचि पाँचः नमुनाको आकार

| क्र. स. | विद्यालयकोनाम | प्र.अ. | वि.व्य.स.का अध्यक्ष | महिला पदाधिकारी | जम्मा |
|---|---|---|---|---|---|
| ६. | श्री सुकुना उच्च माध्यमिक विद्यालय | १ | १ | १ | ३ |
| ७. | श्री शिक्षा निकेतन मा वि.,मृगौलिया | १ | १ | १ | ३ |
| ८ | श्री महेन्द्र मा.वि., इन्द्रपुर-६, गजपुर | १ | १ | १ | ३ |
| ९. | श्री भगवती उच्च मा.वि. ,वेलवारी | १ | १ | १ | ३ |
| १० | श्री कसेनी उच्च मा. वि., वेलवारी | १ | १ | १ | ३ |
| ६ | स्रोत शिक्षक (इन्द्रपुर स्रोत केन्द्र) | - | - | - | १ |